# सौर्य दैनिक
SOURYA NATIONAL DAILY



मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा सुदृती खाता
९.२५%* वार्षिक ब्याजदर
*थप ०.५०% शाखाद्वारा प्रदान गर्न सकिने ।
The Banker
Bank of the Year 2019
NEPAL
विश्वास जित्दै... अघि बढ्दै...
MEGA



वर्ष ८ | अंक ३२७ | आइतबार, १२ माघ २०७६ | Sunday, 26 January 2020 | www.souryadaily.com | पृष्ठ : ८ | मूल्य रू. ५


# कार्यशैली फेर्दै प्रधानमन्त्री

## विपक्षीलाई साथमा लिएर अघि बढ्ने तयारी

■ **सौर्य समाचार**

काठमाडौं । सरकारले गरेको कतिपय काम कारबाही विवादमा तानिएका र तान्न खोजेको भन्दै विपक्षी र सत्ता पक्षले आरोप लगाइरहेका छन् । कतिपय विवाद त नागरिक स्तरबाट पनि उठिरहेका छन् । प्रधानमन्त्री, सम्बन्धित विषयका मन्त्री र कतिपय सरकारी निकायका कर्मचारीको असावधानीका कारण गरिएका कामकारवाही विवादमा मुछिएका छन् ।

**दलका नेताहरूसँग प्रधानमन्त्रीको नियमित छलफल गर्ने नीतिअनुसार बैठक बसेको हो । संसद्मा रहेका दलहरू त्यसमा पनि प्रमुख प्रतिपक्षसँग छलफल, सल्लाह गर्ने र समझदारी गर्ने भन्ने प्रधानमन्त्रीको सोच छ । भरसक सबै विषयहरूमा प्रतिपक्षी दलसँग छलफल गरेर अगाडि बढ्नुपर्छ भन्ने उहाँको सोच रहेको छ - उपनेता नेम्वाङ**

सत्ता सञ्चालनमा छलफल नै गर्न नचाहेको र विवाद भएपछि पार्टीले पनि रोक्न नसक्ने अवस्था आइरहेको सत्तारुढ नेकपाकै नेताले पनि भनिरहेका छन् । विवाद बढ्ने क्रम नरोकिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यशैलीमा परिवर्तन ल्याएका छन् । सरकार गठन भएको करिब दुई वर्ष पुग्न लाग्दा उनले सबै पक्षसँग छलफल र सम्वाद सुरु गरेका हुन् । उनले सत्तारुढ दलकै शीर्षस्थ नेता, विपक्षी दल, कतिपय सांसद्सँग छुट्टा छुट्टै र सामूहिक छलफल सुरु गरेका हुन् । केही समय अगाडि पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालसँग बालुवाटारमै लामो



छलफल गरेका उनले गत बिहीबार अर्का वरिष्ठ नेता झलनाथ खनालसँग ४ घण्टा लामो कुराकानी गरेका थिए ।

भेटमा विशेषगरी पार्टी र सरकारको कामकारवाहीका विषयमा केन्द्रित भएको बताएपनि प्रधानमन्त्री ओलीले त्यसलाई पारिवारिक भेटघाटका रूपमा प्रस्तुत गर्न खोजेका थिए । 'प्रधानमन्त्रीसँग लामो समयपछि भेटवार्ता भयो । सुख-दुःखका कुरा भए । प्रधानमन्त्रीको कार्यभार सम्हालिरहँदा आइपरेका कठिनाइ, चुनौतीका बारेमा कुराकानी भयो । मैले केही सल्लाह, सुझाव पनि दिएँ', भेटपछि खनालले भने । पछिल्लो समय पार्टी अध्यक्षसमेत रहेका ओलीको कार्यशैलीप्रति वरिष्ठ नेताले प्रश्न उठाउँदै आएका वेला भेटवार्ता भएको हो । पार्टीका औपचारिक-अनौपचारिक मञ्चमा नेता खनालले पार्टी, सरकारको कामकारबाहीप्रति पनि असन्तुष्टि राख्दै आएका थिए ।

उसो त उनलाई सचिवालय बैठकमा पछिल्लो पटक नेताहरू एक्लाउन खोजेको चर्चापनि नेकपाभित्र नचलेको भने होइन । विशेषगरी उपाध्यक्षमा प्रस्ताव गरिएका वामदेव गौतमको निवासमा भएको भेलाले ओली बढी नै झस्किएका छन् । त्यो भेलाको आशंका उनमा अझै नमेटिएको नेकपाकै कतिपय नेताहरूको


**बाँकी पृष्ठ २**


मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्थाको सयुक्त विज्ञप्ति

# 'पीडितले अन्तर्राष्ट्रिय अदालत जानु नपरोस्'

■ **सौर्य समाचार**

काठमाडौं । संक्रमणकालीन न्याय प्रक्रियामा सरकारले एउटा गम्भीर धक्का पुऱ्याएको आरोप चारवटा मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्थाले लगाएका छन् । दुईवटा आयोग गठनमा पीडितसँग परामर्श नलिएको भन्दै उनीहरूले पीडितसँग पर्याप्त परामर्श नगरिकन निर्णय भएको उल्लेख गरेका हुन् ।

इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइसिजे), एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेसनलले शुक्रबार जेनेभाबाट सयुक्त विज्ञप्ति जारी गरी गर्दै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पछिल्लो समय भएको पदाधिकारी नियुक्तिप्रति ध्यानाकर्षण भएको जनाएका छन् । विद्यमान कानुनी संरचनालाई संशोधन नगरी संक्रमणकालीन न्यायका दुई आयोगहरूमा आयुक्तहरू नियुक्त गर्ने सरकारको निर्णयप्रति' ती संस्थाहरूले चासो व्यक्त गरेका हुन् ।

'द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लघनहरूमा न्याय र जवाफदेहिता सुनिश्चत गर्नका लागि एउटा पारदर्शी प्रक्रियाको आवश्यकता पर्दछ भन्ने कुराको नेपालका राजनीतिक नेताहरूलाई ज्ञान छ तर, उहाँहरू यस्ता ज्यादतीमा जिम्मेवारहरूलाई संरक्षण गर्ने प्रयत्न गरिराख्नुभएको छ', ह्युमन राइट्स् वाचकी दक्षिण एसिया निर्देशक मिनाक्षी गांगुलीले भनिन्, 'राजनीतिक नेतृत्वले जवाफदेहिताबाट यसरी नै पन्छिराख्ने हो भने यसले पीडितका सामु देशबाहिरका अदालतहरूसामु जानुभन्दा अर्को विकल्प रहने छैन ।'

चारवटै संस्थाले सरकार र दलहरू द्वन्द्वपीडितलाई घरभित्रै सत्य, न्याय र परिपूरण प्रदान गर्न अनिच्छुक र असक्षम देखिएको भन्दै अन्तर्राष्ट्रिय अदालत जान बाध्य हुने चेतावनी दिएका छन् । एम्नेस्टी इन्टरनेसनलका दक्षिण एसिया निर्देशक विराज पटनायकले भने, 'उनीहरूले देखाएको दण्डहीनताको संकेतले पीडित र अधिकारकर्मीहरूलाई विश्वव्यापी क्षेत्राधिकारअन्तर्गत अन्तर्राष्ट्रिय तवरबाट न्याय खोज्ने बाटोतर्फ धकेल्नेछ । फौजदारी जिम्मेवारीमा सन्दिग्धलाई शक्तिशाली


**बाँकी पृष्ठ २**


# 'परिमार्जनपछि एमसिसी पारित'

■ **सौर्य समाचार**



सुर्खेत । गृहमन्त्री रामबहादुर थापाले मिलियन च्यालेन्ज कर्पोरेसन (एमसिसी)का केही प्रावधान परिमार्जन गरेर संसद्ले पारित गर्ने बताएका छन् । उनले सभामुखको चयन लगत्तै सो प्रक्रिया संसद्बाट अगाडि बढ्ने स्पष्ट पारे ।

शनिबार बिहान आयोजित पत्रकार भेटघाटका कार्यक्रममा उनले एमसिसी राष्ट्रिय हितमा हुनुपर्ने बहस चलिरहेको र सभामुखको घोषणा भएपश्चात् सदनमा प्रस्तुत हुने बताए । एमसिसी सरकारले सदनबाटै पारित गर्नुपर्ने बाध्यता किन भन्ने विषयमा पत्रकारले राखेको प्रश्नको जवाफमा उनले अमेरिकी सिनेटले पारित गर्ने भएकाले नेपालको सदनबाट पारित गर्नुपर्ने उल्लेख गरे । 'एमसिसी परियोजनाअन्तर्गत अमेरिकाबाट नेपालमा लगानी हुने ५५ अर्ब रुपैयाँ बजेटमा नेपालको पनि १३ अर्ब रुपैयाँ लगानी हुन्छ,' उनले भने, 'तर कर्मचारी राख्नेदेखि लेखापरीक्षणलगायत विभिन्न प्रावधानहरूमा अमेरिकाको निर्णय मान्नुपर्ने बाध्यता जस्ता कुराहरू मान्य छैन, संशोधन हुनुपर्छ ।'

गृहमन्त्री थापाले एमसिसीबारे नेकपाको स्थायी कमिटिमा छलफल भएर हिन्द प्रशान्त रणनीति एमसिसीमा समेटिए त्यो सम्झौतामा सहभागी नहुने र त्यसको कार्यान्वयन नगर्ने निर्णय भएको समेत जानकारी दिए । तर, अमेरिकाले केही समय अगाडि एमसिसीमा सैन्य गतिविधि अमेरिकी कानुनले रोकेको जवाफ दिइसकेको छ ।


**बाँकी पृष्ठ २**




**शालिनदीमा भक्तजन :** काठमाडौंको उत्तरी भागमा रहेको शालिनदीमा पौषशुक्ल पूर्णिमादेखि माघ शुक्लपूर्णिमासम्म लाग्ने मेलामा देखिएका भक्तजन । स्वस्थानीको व्रत कथामा शालिनदीको विषय उल्लेख गरिएकाले यहाँ भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

*तस्बिर : चमिना भट्टराई*

# प्लटिङले मासिँदै खेतीयोग्य जमिन

■ **काशीराम शर्मा/रासस**

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१८ का गयाप्रसाद बर्माले १३ वर्षमा १० कट्ठा जग्गा बिक्री गरे । उनीसँग सात कट्ठा जग्गा मात्रै बाँकी छ । उनी आफैँले धान, गहुँ रोपेर उत्पादन गर्दै आएको खेतमा अहिले ठूलाठूला महल ठडिएका छन् । १० वर्षअघिसम्म फाटफुट घरहरू रहेको भुजइगाउँमा अहिले ठूलाठूला घरहरूले भरिएको छ ।

उनले बिक्री गरेको जग्गामा २५ मुरीसम्म धान फल्थ्यो । खेत बिक्री गरेपछि असारे, मंसिरे र चैते चटारोबाट उनले मुक्ति पाउएका छन् । असारमा धान रोपेर कात्तिक/मंसिरमा भित्र्याउने र मंसिरमा गहुँ रोपेर चैत/वैशाखमा भित्र्याउन भ्याईनभ्याई हुने उनी आजभोलि फुर्सदिलो छन् । न त उहाँलाई धान रोप्ने चटारो छ, न त गहुँ रोप्ने ।

उनलाई असारे र मंसिरे चटारोले छोप्न छाडिसक्यो । बर्माले बिक्री गरेको जग्गालाई सडक चिराचिरा पारेसँगै घडेरीमा परिणत भएको छ, जग्गाभरि बिजुलीका खम्बाहरू गाडिएका छन् । एकपछि अर्को घरहरू ठडिँदैछन् । असारे र मंसिरे खेतीबाट उत्पादन भएको धान गहुँले घर खर्च चलाउने उनलाई जग्गा बिक्री गरेकामा अहिले पछुतो भइरहेको छ ।

आँगनसँगै जोडिएका खेतका गराहरूमा लहलहाउँदो धान, गहुँ र अन्य खेती आजभोलि देखिँदैन । 'अब त कहाँ लहलहाउँदो खेती देख्नु ?', बर्माले भने, 'त्यो त एकादेशको कथा भइसक्यो । धान र गहुँ लहलहाउने खेतमा आजभोलि गाडी र मोटरसाइकल धुलो उडाउँदै कुदिरहेका छन् । खेतीयोग्य जमिन मासिएको छ ।'

जग्गा प्लटिङ गरेर बिक्री हुन थालेपछि खेतीयोग्य जमिन नासिएको मात्रै छैन, स्वस्थ्य वातावरणसमेत प्रदूषित भएका छन् । घरहरू बनिरहेका छन्, बस्ती बाक्लिँदैछ, सडक र नालीहरू फोहर भएका छन् । बर्मा मात्रै होइन नेपालगञ्ज-१९ सुर्जीगाउँका लल्लन कुर्मीले पनि ५ वर्षको अवधिमा १४ कट्ठा खेती गर्ने जग्गा बिक्री गरे ।

उनीसँग भएको २४ कट्ठा खेतमध्ये अब १० कट्ठा मात्रै बाँकी छ । उनले भने, 'आर्थिक रकमको खाँचो परेका वेला सस्तोमा बिक्री गरियो, अहिले त्यही जग्गाको भाउ आकाशिएको छ । खेत बेचेर गल्ती महसुस भइरहेको छ, अब बचेको जग्गा बेच्दिनँ ।' सहरीकरणसँगै जग्गा प्लटिङ नाममा खेतीयोग्य जमिन मासिँदै गएका छन् । जग्गा प्लटिङ गरी खरिद बिक्री र आवास निर्माण गर्ने क्रमले खेतीयोग्य जमिन मासिएको हो । विभिन्न स्थानमा खेतीयोग्य जमिन खण्डीकरण गरेर बासस्थानमा परिणत भइरहेका छन् । कहाँको जग्गालाई बासस्थानमा परिणत गर्दा उचित हुन्छ भनेर अध्ययन नगरेरै प्लटिङ हुँदा खाद्यान्न उत्पादनसमेत घटिरहेको छ ।'

पैसा कमाउने नाममा जथाभावी प्लटिङ हुँदा सम्बन्धित निकाय मौन रहेको नेपालगञ्ज-१९ का श्याम गिरीले बताए । उनले भने, 'खेतीयोग्य जमिन बर्सेनि मासिएको छ । जमिन प्लटिङ गरेर बिक्री गर्न रोक लगाउनुपर्छ ।' तीन/चार वर्षअघिसम्म धान फल्ने नेपालगञ्ज



खेतीयोग्य जमिनमा कंक्रिट ठड्याउने र आवास क्षेत्र बनाउने क्रम बढेकाप्रति किसान चिन्ता व्यक्त गरेका छन् ।

नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकता दिएको छैन । भएको कृषिभूमिको उपयोग र व्यावसायिक कृषि प्रवर्द्धनका लागिसमेत स्थानीय सरकार केन्द्रित नभएको गुनासो किसानको छ । 'यहाँ पर्याप्त खेतीयोग्य जमिन छ, तर हाम्रै बजारमा स्थानीय उत्पादन पर्याप्त छैन, कृषि क्षेत्र बर्सेनि निरुत्साहित बन्दैछ', नेपालगञ्ज-१९ का कुर्मीले भने, 'अहिले पनि जिल्लाका आसपासका क्षेत्रहरू बस्तीमा परिणत भइसकेका छन् । गिरीका अनुसार नेपालगञ्ज आसपासका खेतीयोग्य जमिन धमाधम प्लटिङ हुने क्रमले तीव्रता पाएसँगै बस्तीहरू बाक्लिँदै गएका छन् । 'सरकारले नै नीति निर्माण गरी जथाभावी प्लटिङ गर्ने कार्यलाई रोक्नुपर्छ', उनले भने । सुविधा खोज्दै ग्रामीण क्षेत्रबाट सहरमा बसाइँ सर्ने क्रम बढेपछि नेपालगञ्ज, कोहलपुर, खजुरालगायत क्षेत्रमा खेतीयोग्य जग्गा नासिँदै गएको हो ।

मध्य तथा सुदूरपश्चिमको व्यापारिक


**बाँकी पृष्ठ २**

# विचारमा स्पष्टता नभए लक्ष्य प्राप्ति हुँदैन : दाहाल

■ सौर्य समाचार



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्पष्ट वैचारिक राजनीतिक कार्यदिशाका आधारमा मात्र पार्टीअघि बढ्ने प्रस्ट पारेका छन् । पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा शनिबार गोपीरमण उपाध्याय र मनहरि तिमिल्सिनाद्वारा सम्पादित ' जनताको जनवादका आधारहरू' नामक पुस्तकको लोकार्पण गर्दै उनले विचार र कार्यदिशमा स्पष्टता आउन नसक्दा अन्योल र अराजकता मौलाएर पार्टी ठिक ढंगबाट अघि बढ्न नसक्ने बताए । 'विचारमा सहिपना र स्पष्टताले पार्टीलाई विकसित गर्दै लैजान्छ', उनले भने, ' विचारमा स्पष्टता भएन भने पार्टीले आफ्नो उद्देश्य र लक्ष्य प्राप्ति गर्न सक्दैन ।' समाजवाद स्थापनाका लागि नेपालमा मौलिक ढंगको क्रान्ति गरिएको उनको भनाइ थियो । ' हामीले नेपालमा जे उपलब्धि हासिल गर्‍यौं, त्यो दुनियाको कुनै किताबमा पाइँदैन', अध्यक्ष दाहालले भने, ' विश्वभरको क्रान्तिको अध्ययन गरेर नेपालमा मौलिक विचार निर्माण गरिएको छ, समाजवादको आधार तयार पार्ने 'हतियार'का रूपमा जनताको जनवादलाई लिइएको हो ।'

पुस्तकले नेकपाको वैचारिक धरालत र अब कुन दिशातर्फ जाँदैछ भनेर आम जनमानसलाई बुझ्न सहज हुने उनको भनाइ थियो । 'राजनीतिक आन्दोलनपछिको संक्रमणालीन परिस्थितिमा नेपाली राजनीतिको आजको अवस्था र अबको लक्ष्य बुझ्न पुस्तकले महत्वपूर्ण सन्देश दिएको छ', अध्यक्ष दाहालले भने । नेपालमा कम्युनिस्ट आन्दोलनको उठान, संघर्ष तथा वैचारिक विषयवस्तु समेटिएको यस पुस्तकले नेकपाको आधारिक दस्तावेज तयार गर्न सहयोग पुऱ्याउने उनको विश्वास थियो ।

अध्यक्ष दाहालले नेकपाको इतिहास, कार्यदिशा विकासका शृंखला र सन्दर्भ एवं पार्टी एकताको निर्णयसम्मका वैचारिक आधारबारे पार्टी पंतिमा थप प्रस्टता ल्याउन मद्दत मिल्ने बताए । कार्यक्रममा पुस्तकमाथि टिप्पणी गर्दै नेकपाका स्थायी कमिटी सदस्य युवराज ज्ञवालीले कम्युनिस्ट विचार विकासको शृंखलालाई पुस्तकमा समेटिएकाले सबैका लागि अत्यन्त उपयोगी रहेको बताए ।

जनतालाई सार्वभौम बनाउने राजनीतिक प्रणाली नै 'जनवाद' भएको उल्लेख गर्दै उहाँले पुस्तकमा समाजवादको तयारीको चरण ' जनवाद' हो भन्ने विषयलाई व्यापक विश्लेषण गरिएको बताए । पुस्तकका सम्पादक उपाध्यायले नेकपाको ७० वर्षे इतिहासलाई पुस्तकमा समेटिएको बताए । अर्का सम्पादक तिमिल्सिनाले नेकपाको ऐतिहासिक दस्तावेजलाई संकलन गरेर नेता कार्यकर्तालाई पार्टी कार्यदिशाका बारेमा जानकारी होस् भने पुस्तक तयार गरिएको बताए ।

नेकपाको पहिलो पर्चादेखि एमाले-माओवादी एकतासम्म पुस्तकमा नेकपाको स्थापनादेखि एकीकृतको अवस्था, कम्युनिस्ट आन्दोलनको विभाजनपछि विभिन्न समूहहुँदै पूर्वएमाले र पूर्वमाओवादीको धाराको विकासका ऐतिहासिक निर्णय र त्यसको दस्तावेजीकरण एवं पार्टी एकता प्रक्रियापछि नेकपाले गरेका निर्णय लिपिबद्ध गरिएको छ । मुख्यतः चार खण्डमा रहेको पुस्तकको पहिलो खण्डमा नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा, २०१५ सालको आम निर्वाचनमा नेकपाद्वारा जारी चुनावी घोषणापत्र, २०१७ सालको फौजी 'कू' पछि नेकपाले जनताका नाममा गरेको अपिललगायत विषय समेटिएको छ ।

दोस्रो खण्डमा झापा विद्रोहदेखि नेकपा (एमाले)को गठन, मदन भण्डारीको जनताको बहुदलीय जनवादको पृष्ठभूमि, त्यसको संश्लेषण एवं विकास प्रक्रियासँग सम्बन्धित दस्तावेजका मुल अंश समावेश गरिएको छ । तेस्रो खण्डमा सेक्टर काण्डदेखि माओवादबारे संश्लेषण, जनयुद्धको तयारी, विकास हुँदै २१औं शताब्दीमा जनवादको विकास, १२ बुँदे समझदारी, शान्ति सम्झौता, हेटौंडा महाधिवेशनमा संश्लेषण गरिएको समाजवादी क्रान्तिको कार्यदिशालगायत दस्तावेजन समेटिएको छ ।

यसैगरी चौथो खण्डमा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को चुनावी गठबन्धनदेखि पार्टी एकताको घोषणा, पार्टीका राजनीतिक प्रतिवेदनलगायत विषय समावेश गरिएको छ । नेकपाको समाजवादउन्मुख जनताको जनवादको वैचारिक आधार एवं अन्तर्वस्तु र नेकपाको ७० वर्षको इतिहास बुझ्न पुस्तकले सहयोग पुऱ्याउने सम्पादक तिमिल्सिनाले जानकारी दिए ।

# मानव अंग प्रत्यारोपणको पाँचौ सफलता

■ सौर्य समाचार



काठमाडौं । भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय मानव अंग प्रत्यारोपण केन्द्रलाई पाँचौं सफलता मिलेको छ । केन्द्रले गत २८ पुसमा पाँचौं पटक प्रत्यारोपण गरेको हो ।

सर्लाहीका ६२ वर्षीय योगेन्द्र महतोलाई उनका छोरा ३५ वर्षीय पंकज महतोले कलेजो दान दिएका हुन । प्रत्यारोपणका लागि भारतको नयाँ दिल्लीस्थित म्याक्स हेल्थकेयरको कलेजो विभाग प्रमुख तथा कलेजो प्रत्यारोपण विशेषज्ञ डा. सुभास गुप्ता नेतृत्वको पाँच जनाको टोली आएको थियो ।

यता नेपाली टोलीको नेतृत्व केन्द्रका कार्यकारी निर्देशक तथा प्रत्यारोपण विशेषज्ञ डा. पुकारचन्द्र श्रेष्ठले गरेका थिए ।

नेपाली टोलीमा डा. श्रेष्ठ सहित डा. आरती राई, डा. निरज जोश, डा. सञ्जय यादव, डा. जयन्त कुमार शाह, डा. निभा श्रेष्ठ, डा. अनिषा तिवारी, डा. सपना वर्मा, डा. रोशन घिमिरे, डा. कर्ण राजवंशी, डा. रश्मित श्रेष्ठ, डा. अच्युत खनाल, कोपिला दाहाल, बबिता लबजु, अनिता कार्की, विनिता उप्रेतीलगायतको टोली संलग्न थियो । सो प्रत्यारोपणका लागि नेपाली तथा भारतीय गरी ३० जना चिकित्सक तथा नर्सहरूको टोली सहभागी भएको केन्द्रले जनाएको छ । केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले कम्तिमा महिनामा एउटा कलेजो प्रत्यारोपण गर्ने योजना रहेको जानकारी दिए । नेपाललाई मानव शरीरको अंग प्रत्यारोपणमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ २०६९ वैशाख ११ गते स्थापना भएको यस केन्द्रले पहिलो कलेजो प्रत्यारोपण भने २२ मंसिर २०७३ मा गरेको थियो । त्यसबेला कोरियाबाट आएका प्रत्यारोपण विज्ञले सघाएका थिए । त्यसको केही समयपछि मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त मिर्गौला तथा कलेजो समेत प्रत्यारोपण भएको जनाएको छ ।

सातामा अधिकतम ६ देखि ८ वटासम्म मिर्गौला प्रत्यारोपण केन्द्रले आर्थिक वर्ष २०७५/७६ मा १७९ जनाको मिर्गौला प्रत्यारोपण गरेको थियो । हालसम्म ६८० जनाको मिर्गौला प्रत्यारोपण ९९५ सफलताका साथ सम्पन्न गरेको निर्देशक डा. श्रेष्ठले बताए । नेपालमा बर्षेनी करीब १ हजार जनाभन्दा बढीको कलेजो फेल हुने अनुमान गरिएको छ । नेपालमा करिब २० लाख रुपैयाँमा कलेजो प्रत्यारोपण हुने गर्दछ भने भारत तथा अन्य विकसित देशहरूमा कलेजो प्रत्यारोपण गर्दा करिब १ करोडदेखि डेढ करोडसम्म खर्च लाग्ने अनुमान छ । अध्ययनका अनुसारका नेपालमा करिब ८ लाख मानिसमा कलेजोसम्बन्धी केही न केही रोग लागेको देखिन्छ भने करिब १० हजार व्यक्तिमा कलेजो सम्बन्धी गम्भीर रोग लागेको (कलेजो फेल) अनुमान छ । नेपालमा कलेजो फेल हुनुको मुख्य कारण अधिकरूपमा मदिरा सेवन गर्नु हो ।

## प्लटिङले...

केन्द्र भएकाले ती क्षेत्रबाट बसाइँ सरेर आउने र पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूले पनि आफ्नो कमाईबाट सहरमा घरघडेरी जोड्ने गरेकाले खेतीयोग्य जमिन नासिएको छ । सुविधा खोज्दै दिनदिनै सहरमा बसाइँ सर्ने क्रम निकै बढेको छ । 'नेपालगञ्जमा पछिल्ला दुई/चार वर्षमा बढेको अनियन्त्रित बस्तीले दीर्घकालीन रूपमा राम्रो गर्दैन', नेपालगञ्ज-२० का ललनप्रसाद यादवले भने, 'कृषियोग्य जमिनको विनाश हुँदै गएको छ । यसप्रति सबै समयमै सचेत हुनुपर्छ । प्लटिङ रोकेर खेतीयोग्य जमिन बचाउन सरकारले अग्रसरता देखाउनुपर्छ ।'

कृषि ज्ञान केन्द्र बाँकेको दुई वर्षअघि अद्यावधिक गरिएको तथ्यांकले जिल्लामा कूल ५७ हजार २५२ हेक्टर खेतीयोग्य जमिनमध्ये ५२ हजार ८ सय ३८ हेक्टरमा खेती भइरहेको, १५ हेक्टर जग्गा बसोबास कम्पनीले ओगटेको र ७ सय ९० हेक्टर जग्गा घडेरीले ओगटेको छ । 'दुई वर्षयता कति जग्गा प्लटिङ भयो भन्ने यकिन तथ्यांक छैन', केन्द्रप्रमुख सागर ढकालले भने । उनका अनुसार जिल्लामा वर्सेनि करिब पाँच प्रतिशतको दरले खेतीयोग्य जमिन मासिँदै गएको छ । उनले भने, 'जिल्लामा सहरदेखि गाउँसम्मको जमिन घडेरीका लागि प्लटिङ हुँदा कृषियोग्य जमिन मासिएको छ ।' जनसंख्या वृद्धि र अव्यवस्थित बसोबास नियन्त्रणमा सरकार ीस्तरबाट पहल हुन नसक्दा बाँकेमा खेतीयोग्य जमिन मासिँदै गएको छ । बाँकेमा वर्सेनि करिब एक हजार नयाँ घर थपिने गरेको आँकलन छ । यसमध्ये ६५ प्रतिशत आवासका लागि बन्ने गरेका छन् भने ३५ प्रतिशत भवन व्यावसायिक प्रयोजनका लागि निर्माण हुने गरेका छन् ।

## परिमार्जनपछि...

थापाले शान्ति र स्थायित्व विना मुलुकमा विकास सम्भव नभएको बताए । उनले सरकारले अपराधिक गतिविधि नियन्त्रणलाई प्राथमिकता राखेको जानकारी दिए ।

पछिल्लो समयमा निर्यात बढेको बताउँदै गृहमन्त्री थापाले अब सरकारले आठ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको र विकास निर्माणका काम पनि निर्वाधअघि बढाएको उल्लेख गरे । सरकारले गरेको लगानी सम्मेलन र चिनियाँ राष्ट्रपति सी चिनफिङको भ्रमण नेपालका लागि लाभदायक भएको बताए । उनले नेत्रविक्रम चन्द नेतृत्वको समूहलाई मूल प्रवाहमा ल्याउने काम जारी नै रहेको जानकारी दिए ।

## पीडितले...

पदासीन गराउनुको साटो सरकारले उनीहरूलाई निष्पक्ष सुनुवाइको माध्यमबाट न्यायको कठघरामा ल्याउनुपर्दछ ।'

त्यस्तै सभामुख चयनप्रति पनि उनीहरूले असन्तुष्टि जनाएका छन् । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले प्रतिनिधि सभाको सभामुखका रूपमा अग्नि सापकोटालाई मनोनित गरेको छ । संसद्का सदस्य तथा नेकपाका स्थायी समिति सदस्य सापकोटामाथि २०६२ सालमा भएको काभ्रेका अर्जुन लामाको अपहरणपछिको हत्यामा संलग्न रहेको आरोप रहेको छ । यो मुद्दा नेपालको सर्वोच्च अदालतलगायतमा विचाराधीन अवस्थामा रहेको छ । 'पूर्ण र स्वतन्त्र अनुसन्धान नभइन्जेलसम्मका लागि नेकपाले संसदको सभामुखका रूपमा गरिएको सापकोटाको मनोनयनलाई पुनर्विचार गर्नुपदर्छ,' ती संस्थाहरूले भनेका छन् ।

'मानवअधिकार ज्यादतीका घटनामा अनुसन्धानको क्रममा रहेका व्यक्तिहरूलाई सो अनुसन्धानमाथि नै हस्तक्षेप गर्नेगरी नेपालका अधिकारीहरूले उनीहरूलाई उच्च ओहोदामा मनोनयन गर्न हुँदैन', ट्रायल इन्टरनेसनलका कार्यक्रम व्यवस्थापक अड्रि ओट्लीलले भनिन्, 'यस्ता नियुक्तिहरू द्वन्द्वकालीन मानवअधिकार ज्यादतीका पीडकहरूलाई जवाफदेही बनाउनमा सरकारद्वारा एउटा सामान्य प्रतिबद्धता देखाउन पनि अनिच्छा गरिएको कुराको थप उदाहरण हो ।' आइसिजे, एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेसनलले संक्रमणकालीन न्याय संयन्त्रका लागि पटक पटक चासो व्यक्त गरेका छन् ।

## कार्यशैली...

भनाइ छ । यद्यपी भेलामा सहभागी भएका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भेला सामान्य छलफलका लागि मात्र भएको प्रष्टिकरण दिएका थिए । जसको असर सभामुख चयनमा देखिएको ओली पक्ष नेताहरूको बुझाइ छ । पार्टीभित्रैबाट अप्ठेरो अवस्था सृजना भएपछि उनले विपक्षी दलसँग पनि परामर्श बाक्लो बनाएका छन् ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको खोजविन आयोगका पदाधिकारी नियुक्त गर्दा विपक्षीसँगको परामर्शमा गरे । राजनीतिक सहमतिलाई उनले फेरी ब्युँताउन चाहेको नेकपाका नेताहरूले प्रतिक्रिया दिएका छन् । यसक्रममा विभिन्न विश्वविद्यालयका पदाधिकारी नियुक्तिका विषयमा शनिबार बिहान पुनः प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गरेका छन् । प्रचण्डसहित बालुवाटारमा करिब डेढ घण्टा भएको छलफल सहमतिमा नपुगेपनि छलफललाई निरन्तरता दिने भन्दै नेताहरू निस्किए ।

नेकपाका संसदीय दलका उपनेता सुवास नेम्वाङले प्रधानमन्त्रीले नियमितरूपमा संसद्मा रहेका दलहरूसँग गर्दै आएको छलफलको पाटो अनुरूप नै शनिबार दुई दलका शीर्ष नेताबीच भेटघाट भएको बताए । उनले भने, 'दलका नेताहरूसँग प्रधानमन्त्रीको नियमित छलफल गर्ने नीतिअनुसार बैठक बसेको हो । संसद्मा रहेका दलहरू त्यसमा पनि प्रमुख प्रतिपक्षसँग छलफल, सल्लाह गर्ने र समझदारी गर्ने भन्ने प्रधानमन्त्रीको सोच छ । भरसक सबै विषयहरूमा प्रतिपक्षी दलसँग छलफल गरेर अगाडि बढ्नुपर्छ भन्ने उहाँको सोच रहेको छ ।' पछिल्लो समय प्रधानमन्त्रीले संसद् र संसद् बाहिरका कतिपय राजनीतिक विषयमा संसद्मा रहेका दलहरूसँग समझदारी गरेर अगाडि बढ्न खोजेको नेम्वाङको भनाइ थियो । 'राज्य सञ्चालन गर्दा सत्तापक्ष र प्रतिपक्षबीच साझा सहमति आवश्यक हुन्छ, त्यही साझा सहमति खोज्न छलफल भएको हो', उनले भने, 'संसद् सञ्चालनदेखि राजनीतिक नियुक्तसम्म सबै सहमतिका आधारमा गर्ने सहमति भएको छ ।'

प्रधानमन्त्री ओलीले आउँदा दिनमा पनि पार्टीभित्रैका नेताहरूसँग छलफल अगाडी बढाउने बालुवाटार स्रोतले जानकारी दिएको छ । विशेषगरी माघ १५ गतेदेखि बोलाइएको केन्द्रीय कमिटी बैठकका विषयमा नेताहरूसँग परामर्श गर्ने तयारीमा जुटेको बताइएको छ । पार्टी एकताभएपछि पहिलो पटक राष्ट्रिय सभा गृहमा नेकपाले केन्द्रीय कमिटी बैठक बोलाएको छ । एकतालाई अनुमोदन गर्न बोलाएपछि पहिलो पटक बैठक आह्वान गरिएको हो । नेकपामा ४४५ जना केन्द्रीय सदस्य रहेका छन् ।

# गुणस्तर र मागप्रति प्रश्न आउन दिन्नौँ : सेना

■ सौर्य समाचार

काठमाडौं । नेपाली सेनाले भौतिक पूर्वाधार (बाटो र सुरुङ) निर्माणमा खपत हुने विस्फोटक पदार्थ (इमल्सन) मुलुकको माग धान्ने गरी अन्तर्राष्ट्रियस्तरको उत्पादन गर्न सक्षम रहेको दाबी गरेको छ । सेनाको उक्त दाबीप्रति अहिले नै विश्वस्त हुने अवस्था नरहेको जनाउँदै विकास आयोजना निर्माणमा संलग्न ठेकेदारले भने नयाँ प्लान्टबाट उत्पादित विस्फोटक पदार्थको गुणस्तरमा सुधार आए तापनि मूल्य र राष्ट्रिय माग धान्ने विषयमा शंका नहटेको प्रतिक्रिया दिएका छन् । मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित सुनाचरी इमल्सन प्लान्टमा चीनबाट खरिद गरी ल्याएको नयाँ उपकरण जडानपछि सेनाले असरदार विस्फोटक पदार्थ उत्पादन गर्दै आएको छ । करिब ३५ करोडको लागतमा जडान गरिएको नयाँ प्लान्टबाट वार्षिक चार हजार ८०० मेट्रिक टन विस्फोटक पदार्थ सजिलोसँग उत्पादन हुने सैनिक सामग्री उत्पादन निर्देशनालयका सहायकरथी हेगेन्द्रलाल महर्जनले जानकारी दिए ।

गत भदौको अन्तिम साताबाट सञ्चालनमा आएको उक्त प्लान्टबाट अहिलेसम्म उच्च गुणस्तरको २०० मेट्रिक टन विस्फोटक पदार्थ उत्पादन भइसकेको उनले जानकारी दिए । स्वतन्त्र ऊर्जा उत्पादन संस्था इपानका उपाध्यक्ष कुमार पाण्डे भन्छन्, 'सुरुङ निर्माणका क्षेत्रमा ३०औं वर्ष काम गरिएको हुँदा विभिन्न खाले विस्फोटक पदार्थ प्रयोग गरिएको अनुभव हामीसँग छ, स्वदेशमै उत्पादन हुन्छ र काम दिन्छ भने प्रयोग गर्न तयार छौं ।'

कहाँबाट ल्याएको विस्फोटक पदार्थ कति प्रभावकारी हुन्छ भन्ने पर्याप्त अनुभव हासिल गरेका विकास आयोजना निर्माणकर्ता भन्छन्, 'गुणस्तरमा सम्झौता गर्नु भनेको अन्ततः उपभोक्ताले नै खर्च व्यहोर्नु हो, हाम्रो सरोकार गुणस्तर, मूल्य र निरन्तरतासहित सुनिश्चितता हो, त्यो भएन भने हामीले विकल्प रोज्नुपर्ने हुन्छ ।' मुलुकभित्र विस्फोटक पदार्थको ओसारपोसार, रेखदेख, नियन्त्रण र ढुवानीमा सहयोग पुऱ्याउँदै आएको नेपाली सेनाले पूर्वाधार विकासका लागि देशलाई आवश्यक पर्ने विस्फोटक पदार्थ एकद्वार प्रणालीमार्फत होस् भन्ने हेतुले नयाँ इमल्सन प्लान्ट स्थापना गरेको हो । हालसम्म पनि विस्फोटक पदार्थ राख्न, किन्न, एक स्थानबाट अर्को स्थानमा लैजान सरकारका विभिन्न निकाय र सरोकारवाला पक्षले झन्झट र दुःख दिने पूर्वाधार निर्माणकर्ताको गुनासो छ । नेपाली सेनाले उत्पादन गरेको विस्फोटक पदार्थको मूल्य प्रतिकिलो १९८ कायम गरिएको छ भने भारतबाट आयात गरिएको सामग्री १३२ मै भन्सार पार हुने आयोजना प्रमुखको भनाइ रहेको छ । ' बाहिरबाट ल्याउँदा जति झन्झटिलो छ, मुलुकमा उत्पादन भएपछि त्यो हट्नुपर्छ, यसको निराकरण सेनाले गरिदिनुपर्छ, त्यो भएमा हामीलाई यहाँकै सामान किन्न सजिलो हुन्छ', उपाध्यक्ष पाण्डे भन्छन् ।

तर ठेकेदारले भने यहाँ उत्पादित विस्फोटक पदार्थले हामीले खोजेअनुरुपको नतिजा दिन नसकिए विकल्प खोज्नुपर्ने तर्क गर्दै आएका छन् ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन
खलङ्गा, जुम्ला

visit nepal 2020 Lifetime Experiences

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना**

(प्रकाशित मितिः २०७६/१०/१२)

यस सडक डिभिजनको मिति २०७६/०६/०६मा सार्बजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | DROJML/ 337165/076/077-3.1 | Reactive (Recurrent) maintenance works (CH.218+000-236+000) | सोनामवाङ्दि- पुष्प जे.भी.,जुम्ला । | २३२०७५० |

डिभिजन प्रमुख

# सामुदायिक वन फँडानी तीव्र



मुगु । हिमाली जिल्ला मुगुमा स्थानीयद्वारा सामुदायिक वन फँडानी गर्ने क्रम तीव्ररूपमा अघि बढ्को छ । छायानाथ रारा नगरपालिका वडा-१४ मा रहेका चंखेली र मिनडाडा सामुदायिक वनमा एकपछि अर्को गदै तीव्ररूपमा वन फँडानी गर्ने गरेका छन् । १४ नम्बर वडाको बाम, फैपाटा, दर्खे, नार्फालगायतका बस्तीहरूमा बस्ने ३ सयभन्दा बढी घर परिवारले उपभोग गदै आइरहेका मिनडाडा सामुदायक वन र चंखेली सामुदायिक वनमा स्थानीयले वन फँडानी गरी स्याउ बगैंचा, खेती गर्ने जग्गा, घर वनाउने होड बाजिले सामुदायक वन तीव्ररूपमा फँडानी भएको हो । सामुदायिक वनहरूमा नियम कानुन विपरीत हाते आरा प्रयोग गरी धमाधम वन फँडानी भइरहेका छन ।

नेपाल सरकार वन मन्त्रालय ,वन विभाग सरकारी नीतिअनुसार वनहरूलाई सामुदायिक वनको नीतिलाई समुदायहरूकै नाममा वन हस्तान्तरण गरेपछि वन फँडानीमा रोकथाम हुने लक्ष्यका साथ सामुदायिक वन निमार्णको अवधारण लागु भएको भए पनि त्यो हुन सकेको छैनन ।

सामुदायिक वनको नियमअनुसार समितिले काम नगर्दा वन फँडानी भएको स्थानीय दलबहादुर बुढाले बताए । उनकाअनुसार वन फँडानी गर्ने घर जग्गा वनाउने सबै आफ्ना मान्छे छन् । कसलाई कारबाही गर्ने भन्दै समिति चुप लागेर बसेकाले वन फँडानी तीव्र भएको बुढाले बताए ।

डिभिजन वन कार्यालयबाट कुनै पनि कर्मचारी वन अनुगमनमा नआउने गरेका र स्थानीयले पनि सामुदायिक वन आफनो हो भन्ने अपनत्वको बारेमा जानकारी नहुँदा वन फँडानी भएको अर्का थानीय जर्मन सिहं बुढाले बताए । एक वर्षभन्दा बढी भइसकेको छ डिभिजन वनका कर्मचारी वन अनुगमनमा आएका छैनन् । वनका कर्मचारी पनि नआउने र सामाुदायिक वनको अपनत्वका बारेमा स्थानीयलाई जानकारी नुहदाँ वन फँडानी भएको स्थानिय बासीको भनाइ छ ।

मिनडाडा सामुदायिक वन र चंखेलि सामुदायिक वन फँडानी भएको गुनासो ,र पुरानो समितिले समुदायिक वनको संरक्षण गर्न नसकेको र नयाँ समिति गठन गरी नयाँ समितिलाई कागज पत्र र पुरानो समितिले नदिएको भन्ने विषयमा कार्यालयमा निवेदन आएको डिभिजन वन कार्यलय मुगुले जनाएको छ ।

यदि वन अवैध तरिकाले फँडानी भएको हो भने कानुन बमोजिमको कारबाही हुने डिभिजन वन कार्यालयका निमित्र प्रमुख बसन्त बुढाले बताए । निवेदन आए लगत्तै त्यस क्षेत्रमा कर्मचारी गएका र अवैध काठ काट्दै गरेको अबस्थामा मान्छे भागेका भए पनि आरा मेसिनसमेत बरामद गरिएको डिभिजन वन कार्यलय मुगुले जनाएको छ ।

# 'मिनी सिंहदरबार' बनाउन १५ बिघा जग्गा



■ विकाश पराजुली

बुटवल । बुटवल उपमहानगरपालिका स्थित डिभिजन सडक कार्यालय परिसरको जग्गा संघीय सरकारले प्रदेश-५ लाई दिने निर्णय गरेको छ । करिब १५ बिघा क्षेत्रफलमा रहेको भवन र जग्गा संघीय सरकारले प्रदेश सरकारलाई दिने निर्णय गरेको हो ।

यो सँगै प्रदेश सरकारले परिकल्पना गरेको 'मिनी सिंहदरबार' बनाउने सम्भावना बढेको छ । डिभिजन सडक कार्यालय, हेभी ईक्विपमेन्ट डिभिजन कार्यालय र राजश्व कार्यालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय अहिले सडक डिभिजन परिसरभित्र रहेका छन् । परिसरको जग्गा प्राप्त भएकाले दुई मन्त्रालय बाहेक अन्य सरकारी कार्यालय अन्यत्र सिफ्ट गर्ने गरी त्यहाँ अन्य मन्त्रालय राखिने योजना प्रदेश सरकारले बनाएको छ ।

गत माघ ६ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद् बैठकले गरेको ३२ वटा निर्णयमध्ये डिभिजन सडक कार्यालय परिसरको जग्गा र भवनलाई प्रदेश-५ सरकारलाई दिने निर्णय पनि रहेको छ ।

'बुटवल उपमहानगरपालिकास्थित डिभिजन सडक कार्यालय, हेभी ईक्विपमेन्ट डिभिजन कार्यालय र आन्तरिक राजस्व कार्यालयको भवन प्रदेश सरकार, प्रदेश-५ को सरकारी कार्यालयहरूको उपयोगका लागि उपलब्ध गराउने निर्णय गरिएको छ ।' मन्त्रिपरिषद्को ३२ वटा निर्णयको २६ नं. मा उल्लेख छ ।

हाल जग्गा र भवनको भवनको अभावमा छरिएर रहेका मन्त्रालयहरू एकै ठाउँमा भएपछि सेवा छरितो छिटो, सुरक्षा सवै दृष्टिकोणले उपयुक्त मानेसँगै संघीय सरकारले उक्त जग्गा प्रदेश सरकारलाई दिन तयार भएको हो ।

यसअघि नै प्रदेश सरकारले जग्गा माग गर्दै संघमा पत्र पठाएको थियो । त्यो वेलाका तत्कालिन यातायात मन्त्री रुघुवीर महासेठकै आदेशमा त्यहाँ रहेका कार्यालयहरूले 'भवन दिन नसक्ने' व्यहोरासहितको पत्र प्रदेश सरकारलाई पठाएका थिए । तर, मन्त्रिपरिषद्मा भएको फेरबदलसँगै डिभिजन सडक कार्यालयको जग्गा प्रदेश मातहातमा आएको हो ।

उद्योग र भौतिक मन्त्रालय बाहेकका अन्य मन्त्रालयहरू अहिले बुटवलका विभिन्न स्थानमा छरिएर रहेका छन् । प्रदेश सरकारको लागि जग्गा उपलब्ध नहुँदा श्रम कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, महान्याधिवक्ताको कार्यालय, रूपन्देही व्यापार संघमा आन्तिरक मामिला तथा कानुन, बसपार्कमा बुटवल उपमहानगरपालिकाले सपिङ कम्पलेक्स बनाएको भवनमा सामाजिक विकास मन्त्रालय र हाटबजारमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयहरू अहिले रहँदै आएका छन् ।

प्रदेश सरकारको गठनसँगै मन्त्रालय तथा विभिन्न विभाग र कार्यालय सञ्चालनका लागि जग्गा तथा भवन व्यवस्थापनको लागि प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठको संयोजकत्वमा जग्गा व्यवस्थापन समिति गठन गरेको थियो । सो समितिले नै 'मिनी सिंहदरबार' को परिकल्पना गर्दे सडक डिभिजन परिसरको जग्गा प्रदेश सरकारका लागि उपयुक्त मानेको थियो ।

सोही समितिले गरेको छनोट र प्रस्तावअनुसार संघीय सरकारले डिभिजन सडक कार्यालय परिसरको जग्गा प्रदेश सरकारलाई उपलब्ध गराउने निर्णय गरेको हो । प्रदेशका लागि सबै कार्यालय राख्न ४६ वटा भवन आवश्यक पर्ने भएकाले एकै स्थानमा खुला र हरियाली हुने गरी गुरुयोजना बनाएर मिनी सिंहदरबार वनाउने प्रदेश सरकारको योजना रहेको छ ।

त्यहाँ रहेका कार्यालयहरूलाई बुटवल उपमहानगरपालिकाको समन्वयमा जग्गा उपलब्ध गराउने प्रक्रियासमेत अगाडि बढिसकेको छ ।

मन्त्रालय, विभिन्न डिभिजन तथा कार्यालय सञ्चालनका लागि बलियो पूर्वाधार प्राप्त नहुँदा प्रदेशसभाले प्रदेशको राजधानी घोषणा गर्न सकेको थिएन । मुख्यमन्त्री शंकर पोखरेल तथा विभागीय मन्त्री र सांसदहरूले समेत प्रदेशसभाको चालु अधिवेशनमा प्रदेशको नाम र स्थायी राजधानी टुंगो लगाउने बताइरहेका वेला संघीय सरकारले गरेको यो निर्णयले बुटवलमा स्थायी राजधानी बनाउन दबाब सिर्जना हुने भएको छ ।

# सोनाम ल्होसारको रौनक



■ सौर्य समाचार

मुगु । हिमाली जिल्ला मुगुमा एक नगरपालिकासहित तीन गाउँपालिका छन् । त्यसमध्ये एक गाउँपालिका मुगु मकामारोगङ गाउँपालिकामा अधिकांश भोटे लामा समुदायको बाहुल्यता छ ।

मुगुमकामरोगं गाउँपालिकाका ९ वटा वडा मध्यै ८ वडा वडामा अधिकांश भोटे जनजाती समुदाय अन्तरगतका लामा ,तामाङ ,ग्राहालगायतका समुदाय बसोबास गर्दछन् । यति वेला मुगुमकामारोगङ गाउँपालिकाका भोटेबस्तीहरूमा सोनाम ल्होसारको रौनकता छप्पकै छोपेको छ । साना बालबालिकादेखि वृद्ध वृद्धासम्म सोनाम ल्होसारको रमाइलोमा झुमेको भेटिन्छन् ।

सोनाम ल्होसारको अबसरमा सबै जना रमाइलो गर्ने नाचगान गर्ने , मिठा मिठा परिकार बनाई खाने चलन छ । १५ दिनसम्म चल्ने सोनाम ल्होसारमा लामा समुदायले एक आपसका सद्भाव प्रेम , साटासाट् गर्ने, आफन्त छोरी ज्वाई, भान्जभान्जी, फुपु फुवाजुलाई घरमा बोलाई मिठा परिकार खुवाउने र आफू पनि आफन्तको घरमा पाहुना जाने चलन रहेको मुगुमकामरोगङ गाउँपालिका-२ का ५७ वर्षीय च्वाया लामाले बताए ।

उनका अनुसार शनिबारबाट सुङगुर वर्षको समापन भई मुसा वर्षको शुभारम्भ भएको छ । यसैबीच हिमाली भेगमा पर्ने साविक कर्णालीका ५ जिल्लाहरू जुम्ला डोल्पा, हुम्ला, कालीकोट र मुगु जिल्लामा बसोबास गर्ने लामा समुदायमा सोनाम ल्होसार हिन्दुहरूले मनाउने दशै पर्वझै बौद्धधर्मालम्बीले मनाउदै आएका लामाहरूको भनाइ छ । औंसीबाट सुरु भएको सोनाम ल्होसाारमा विशेष गरी बौद्धधर्मालम्बीहरूको प्रमुख चाडका रूपमा मनाउने र यो ल्होसार लाई नयाँवर्षका रूपमा मनाइने स्थानीय जिग्मेत तामाङले बताए ।

यो वर्ष १०१९ मुसो वर्ष चलेको पनि तामाङले भने सोनाम ल्होसारको वेला युवायुवतीहरू धनुष वाणहान्ने, नाचगान गर्ने र माया प्रेम साटासाट गने गर्दछन् ।

# महोत्तरीका क्रसर उद्योग बन्द गरिने



■ सौर्य समाचार

काठमाडौं । जताततै क्रसर उद्योगले अवैध उत्खनन बढाएका गुनासो बढेपछि महोत्तरी जिल्लामा क्रसर उद्योग अब पूर्णरूपमा बन्द गरिने भएका छन् ।

प्राकृतिक सम्पदा र नदीजन्य पदार्थको उपयोग रेखदेख गर्न गठित जिल्ला अनुगमन समितिले जिल्लाका सबै क्रसर उद्योग तत्काल बन्द गर्ने निर्णय गरेको हो । जिल्लाका क्रसर उद्योगहरूले गत आर्थिक वर्ष २०७५/७६ को स्टक (भण्डार) विवरण नदिएका हुँदा हाललाई सबै यस्ता उद्योग बन्द गर्ने निर्णय गर्नु परेको समितिले जनाएको छ ।

जिल्लाका सबै स्थानीय तहलाई आ-आफ्ना क्षेत्रमा रहेका क्रसर तथा बालुवा प्रशोधन केन्द्रको स्टक प्रमाणित गरी जिल्ला समन्वय समिति महोत्तरीमा पठाउन भनिए पनि कतैबाट त्यस्तो जानकारी हालसम्म प्राप्त नभएको जिल्ला समन्वय समितिका संयोजकसमेत रहेका अनुगमन समितिका संयोजक सुरेशप्रसाद सिंहले जानकारी दिए ।

यद्यपि क्रसर र बालुवा प्रशोधन नाउँ राखेर नदी र नदी उकास जग्गामा उधुम मच्चाउँदै आएका यस्ता उद्योग तत्काल बन्द गरिने सिंहको भनाइ छ । जिल्लामा १५ स्थानीय तह रहे पनि उत्तरी क्षेत्रका बर्दिवास, औरही, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा धेरैजसो यस्ता उद्योग सञ्चालित छन् । अब माग गरिएको विवरण प्राप्त भएपछि सोको अध्ययनबाट मात्र सबै प्रक्रिया पूरा गरेका उद्योगलाई पुनः सञ्चालनको अनुमति दिन सकिने संयोजक सिंहले स्पष्ट पारे ।

चुरे पहाडी शृंखला र नदी एवं नदी उकास जग्गामा जथाभावी ठूलठूला यन्त्र लगाएर बालुवा, ढुंगाको अवैध उत्खनन बढेको गुनासो बाक्लिएसँगै गत वर्षदेखि नै जिल्ला समन्वय समिति र प्रदेशसभा-२ को प्राकृतिक स्रोत तथा वातावरण समितिले अनुगमन गर्दै आएका छन् ।

यद्यपि करिब ५० को संख्यामा सञ्चालित क्रसर र बालुवा प्रशोधन उद्योगले अनुगमनका क्रममा माग गरिएका कागजात नदिएरै उत्खनन कार्य जारी राखेका पाइएपछि अहिले त्यसमा कडाइ गरिन यस्ता उद्योग पूर्णरूपले बन्द गर्ने निर्णय बुधबार नै गरिएको संयोजक सिंहले बताए । उद्योगहरूको स्टक अवस्था बोर्डमा उल्लेख गरेर पारदर्शी गरिएपछि मात्र ठेक्का बन्दोबस्तको प्रक्रियाअघि बढ्नसक्ने समितिले जनाएको छ ।

सबै उद्योगको स्टक अवस्था सम्बन्धित स्थानीय तहले महिनामा दुईपटक प्रमाणित गरी जिल्ला समन्वय समितिमा पठाउने परिपाटी बसाल्ने कुरा सुनिश्चित नगरि एसम्म अब उद्योग सञ्चालनको सम्भावना नरहेको समितिले जनाएको छ । जिल्लाका क्रसर उद्योगले कानुनी प्रक्रिया मिचेर रातारात उत्खनन गर्ने गरेका छन् । यो अवस्था देखिएपछि सबै स्थानीय तहलाई निश्चित समय तोकेर उज्यालोमा मात्र उत्खनन गर्नसक्ने व्यवस्थाको स्पष्ट निर्देशन सबै स्थानीय तहलाई दिएको सिंहले बताए ।

जिल्लाका रातु, मरहा, भब्सी, जंघा, बडहरी, सोनी र टुटेश्वरसहितका नदी र नदीउकास जग्गामा क्रसर र बालुवा प्रशोधन उद्योग सञ्चालित छन् । यस्ता उद्योगले जथाभावी उत्खखन गर्दा वनेका खाल्डामा परेर बर्सेनि मानवीय क्षति पनि हुँदै आएको छ । अवैध उत्खनन गर्नेहरूले यसको विरोध गर्नेलाई टिप्परले किचेर मार्ने दृष्टान्त छिमेककै ढल्केवरमा दुई साताअघि देखेका जिल्लावासी अहिले आतंकित भएका छन् । गत पुस २५ गते बिहान अवैध उत्खनन भइरहेको ठाउँमा सो रोक्न पुगेका धनुषाको मिथिला नगरपालिका-५ का दिलीपकुमार महतोलाई टिप्परले किचेर हत्या गरिएको थियो ।

# कर्मचारीले गर्दा परिवर्तन भइनँ : जम्मरकट्टेल

■ सौर्य समाचार

धादिङ । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेलले राज्य व्यवस्था फेरिए पनि कर्मचारी प्रशासन फेर्न नसक्दा देशमा अझै परिवर्तन नभएको बताएका छन् ।

धादिङको बेनिघाट रोराङ गाँउपालिकास्थित् चरौदी समाज सुधार युवा क्लबद्वारा आयोजित प्रथम चरौंदी कृषि, पर्यटन तथा औद्योगिक महोत्सवको उद्घाटन गर्दै मन्त्री जम्मरकटेलले १० वर्षे शसस्त्र जनयुद्ध तथा ६३/०६३ को जनआन्दोलनले ल्याएको राज्य परिवर्तनसँग सँगै राज्य व्यवस्था फेरिएको तर अझै पनि कर्मचारी प्रशासन र संयन्त्र भने फेर्न नसक्दा देशमा भनेजति परिवर्तन नभएको बताए ।

मन्त्री जम्मरकट्टेलले आफूहरूले गरेको १० वर्षे जनयुद्ध र बृहत् जनआन्दोलनले ठूलो राजनितिक क्रान्ति सम्पन्न गरे पनि त्यसको मर्म र भावनाअनुसार उल्लेखिनिय उपलब्धि भने भइनसकेको बताए । उनले भने-'संविधानसभावाट संविधान निर्माण सम्पन्न भएर एकात्मक राज्य व्यवस्थाको अन्त्य गरेर अहिले हाम्रो समाज झल्कने, आफ्नो भाषा, संस्कृति झल्कने समानुपातिक र समावेशी राज्य व्यवस्था निर्माण गरेका छौं । तर अझै पनि संविधानमा लेखिएको कतिपय कुराहरू कार्यान्वयन हुन बाँकी रहेकाले कतिपय सन्दर्भमा हामीले ल्याएको परिवर्तनले अझै पनि उस्तै देखिने गरेको अनुभुति भइरहेको महसुस गरेको छु ।' राज्य परिवर्तन सँगसँगै अझै २/३ वटा कामहरू अझै बाँकी रहेको राज्य व्यवस्था फेरिए पनि कर्मचारी प्रशासन संयन्त्र फेर्न नसकेकै कारण अझै पनि पुराना नियम कानुनहरू फेर्न नसकेको बताँउदै त्यसले गर्दा राजनितीक नेत्रृत्व नै असाध्यै कमजोर भएको र यस्तो व्यवस्थामा पनि आवश्यकताको आधारमा राजनीतिक नेतृत्वले आवश्यकतामा निर्णय गर्नै नपाएको समेत उनले बताए ।




उनले देश, जनता, राष्ट्र र राज्यको पक्षमा जबसम्म जनताद्वारा अनुमोदित नेतृत्वले स्वविवेकले निर्णय गर्न पाँउदैन, त्यो कार्यान्वयन गर्न नपाएसम्म परिवर्तनको अनुभुति गर्नै नपाउने समेत बताए ।

२ सय ४० वर्षको एकात्मक राजतन्त्रको राज्य व्यवस्थाको अन्त्य गरिसक्दा पनि संघीय व्यवस्था भने अझै पनि पुराना नीति नियम, कामगराई र शैलीले गर्दा आफूहरूनै समस्यामा परेको उनको ठम्याइ छ ।

जनताको पहिलो अपेक्षा विकासतर्फ रहेको बताउँदै मन्त्री जमकट्टेलले अहिले जनताले राज्यको निकाय र सेवा प्रवाहित संस्थाहरूले छिटोभन्दा छिटो सेवा प्रवाह दिन सकुन भन्ने चाहेको समेत बताए ।

मन्त्री जमकट्टेलले अहिलेको सरकारलाई नेपाली कांग्रेसलगायतका दल तथा केही व्यक्तिहरूले विभिन्न लान्छना तथा आरोपहरू लगाउने गरेको प्रति खण्डन गर्दै नेपालको कम्युनिस्टहरू रुसको लेनिनले चलाएको व्यवस्था जस्तो नभएको समेत बताए । विश्वमा धेरै राजनीतिक परिवर्तन आएको छ । सबैभन्दा लोकतान्त्रिक सरकार नै अहिलेको यही सरकार भएको बताउँदै वर्तमान सरकारले जनताबाट अनुमोदित भएर कम्युनिस्टले सरकार चलाएको समेत बताए ।

नेपाल कम्युनिस्ट पार्टी अधिनायकवादी कम्युनिस्ट पार्टी होइन भन्दै उनले नेपाल कम्युनिस्ट पार्टी नै लोकतन्त्रवादी मानवअधिकारवादी र राष्ट्रप्रति संवेशनशील भएको समेत प्रस्ट पारे । महोत्सवको उद्घाटन गर्दै मन्त्री जम्मरकट्टेलले महोत्सवले जिल्लाको कृषि, पर्यटन र व्यापारमा ठुलो टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

कार्यक्रमका विषेश अतिथि रहेका नेपाली कांग्रेस धादिङका सभापति रमेश धमलाले तरकारी पकेट क्षेत्रको रूपमा चिनिने चरौंदी बजारमा सुरु भएको प्रथम चरौंदी कृषि, पर्यटन तथा औद्योगिक महोत्सव सफलताको शुभकामना दिँदै सबैलाई सहभागी हुन आग्रह गरे ।

माघ १९ गतेसम्म चल्ने उक्त महोत्सवमा चेपाङ समुदायको नमुना घर, भेष भुषा, स्थानीय घरेलु उत्पादनको प्रदर्शनी, औद्योगिक उपकरणको प्रदर्शनी, त्रिशुली नदिमा ऱ्याफ्टीङलगायत स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति मुख्य आकर्षण रहने आयोजकले बताएका छन् ।

चिन्तन

**शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।**

**–आचार्य चाणक्य**

## सम्पादकीय


# राष्ट्रियसभा प्रतिपक्षीविहीन बन्दै

राष्ट्रियसभा करिब करिब प्रतिपक्षीविहीन हुने अवस्थामा पुगेको छ । राष्ट्रियसभामा रिक्त हुन गइरहेका १९ मध्ये १८ सदस्यका लागि गत बिहीबार निर्वाचन सम्पन्न भएको छ । उक्त निर्वाचनमा सत्तारुढ नेकपा एक्लैले १६ सिट जितेको छ भने चुनावी गठबन्धनमा सामेल राजपाले २ सिट जितेको छ । प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेस र तेस्रो ठूलो दल संघीय समाजवादी फोरमले एक सिट पनि जितेनन् । सातमध्ये ६ वटा प्रदेशमा सत्तारुढ नेकपाले क्लिन स्विप गरेको छ । प्रदेश–२ मा राजपाले २ र नेकपाले २ सिट जितेका छन् । अब राष्ट्रपतिद्वारा एक सिट मनोनित हुन बाँकी छ । सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनयन गर्ने भएकोले अब यो एक सिट पनि सत्तारुढ नेकपाकै हुनेछ । यसरी आगामी फागुन २० पछि राष्ट्रियसभाका ५९ सिटमध्ये सत्तारुढ नेकपा एक्लैको ५० सिट , प्रमुखप्रतिपक्षी नेपाली कांग्रेसको ६ सिट, राजपाको दुई सिट र संघीय समाजवादी फोरमको एक सिट हुने भएको छ । यसअघि पहिलो पटक भएको निर्वाचनमा तत्कालीन एमालेबाट २७, माओवादी केन्द्रबाट १२, नेपाली कांग्रेसबाट १३, तत्कालीन संघीय समाजवादी पार्टीबाट २ र राष्ट्रिय जनता पार्टीबाट २ जना निर्वाचित भएका थिए । दुई वर्ष अघि निर्वाचित भएकामध्ये एक तिहाइको कार्यकाल आगामी फागुन २० गते सकिन लागेको हो । तीमध्ये बाँकी एक तिहाइको कार्यकाल २ वर्ष पछि सकिँदैछ । त्यसपछि सत्तारुढ नेकपाको ५० बाट बढेर ५४ पुग्ने निश्चित जस्तै छ भने प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको ६ बाट घटेर २ सिटमा झर्ने निश्चित जस्तै छ । यसरी अबको दुई वर्षपछि राष्ट्रियसभामा प्रतिपक्षको अस्तित्व धरापमा पर्ने निश्चित जस्तै भएको हो ।

नेपालको संविधान (२०७२) ले संघीय संसद्मा तल्लो र माथिल्लो गरी दुई वटा सदनको परिकल्पना गरेको छ । माथिल्लो सदनलाई राष्ट्रियसभा र तल्लो सदनलाई प्रतिनिधिसभा नाम दिइएको छ । सरकार निर्माण गर्ने, आर्थिक विधेयक पारित गर्ने, सर्वोच्च अदालत तथा संवैधानिक अंगका पदाधिकारीलाई महाअभियोग लगाएर हटाउने लगायतका विशिष्ठ अधिकार तल्लो सदन अर्थात् प्रतिनिधिसभाको छ । राष्ट्रियसभालाई यस्ता एकल अधिकार छैन । प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुने प्रावधान छ भने राष्ट्रियसभा स्थायी सदन हो । राष्ट्रियसभाका सदस्यहरूको कार्यकाल ६ वर्षका लागि हुन्छ, तर एक तिहाइ सदस्यको कार्यकाल हरेक दुई वर्षमा सकिन्छ । कार्यकाल सकिनुभन्दा अघि एक तिहाइ सदस्यहरूको नयाँ निर्वाचन गरिन्छ । राष्ट्रियसभामा ५९ जना सदस्य हुन्छन् । जसमध्ये कम्तिमा एक जना महिलासहित ३ जना राष्ट्रपतिद्वारा मनोनित गर्ने व्यवस्था छ भने ५६ जना सदस्यको चयन हरेक प्रदेशबाट ८ जनाका दरले स्थानीयतह (पालिका) का मेयर तथा उपमेयर एवं प्रदेशसभाका सांसद्द्वारा निर्वाचित गरिन्छ । यसरी निर्वाचन गर्दा महिला, दलित, जनजाति, अपांगता भएकाहरूको निश्चित प्रतिनिधित्वको व्यवस्था संविधानले गरेको छ ।

बहुदलीय व्यवस्थाको सुन्दर पक्ष भनेको बहुमत प्राप्त गर्नेदलले सत्ता सञ्चालन गर्ने र अल्पमतमा रहेको दलले खबरदारी गर्ने हो । खबरदारी गर्नका लागि अल्पमतमा रहेको दलका सांसद्लाई राज्यले नै विशेष सुविधा दिएको हुन्छ । तर, संविधान जारी भएपछिको पहिलो राष्ट्रियसभामा प्रमुख प्रतिपक्षीदलको नेता, तथा सचेतक बनाउन सक्ने अवस्था नै देखिएन । यो परिणाम सत्तारुढ नेकपाका लागि धेरै नै उत्साहजनक हो, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका लागि त्यतिकै निराशाजनक हो । सँगसँगै मुलुकका लागि पनि निराशाजनक नै हो । बहुदलीय व्यवस्थाका सकरात्मक पाटाहरू धेरै छन् । तर बहुदलीय व्यवस्था भएका मुलुकमा कहिले काहीँ यस्तो अवस्था पनि आउँछ । यस्तो अवस्थामा सत्तारुढ दलले संयमता अपनाउनु पर्ने थियो । प्रतिपक्षको सिट खाली भएको अवस्थामा संसद्को बैठक गर्न मिल्दैन । कथंकदाचित हाम्रो राष्ट्रियसभाले त्यो नियती बेहोर्नु पर्ने त होइन ? भन्ने शंका गर्ने आधार धेरै छन् । राष्ट्रियसभालाई नेपाली कांग्रेसविहीन बनाउने रणनीतिअन्तर्गत नै नेकपाले राजपासँग यो गठबन्धन गरेको यर्थाथतालाई बिर्सन मिल्दैन ।

# आखिर केले छेकेको छ, नाम र राजधानी तोक्न ?



डा. डिआर उपाध्याय

> सातवटा प्रदेश सरकारले कानुन लागू गर्ने र आवश्यक थप कानुन बनाउने काममा जुट्नु पर्छ । आन्तरिक मामिला तथा कानुनमन्त्री, सचिव र मुख्य न्यायाधिवक्ताको हालै विराटनगरमा भएको भेलाले यस्ता विषयमा समीक्षात्मक छलफल गरेको छ । यस्ता समीक्षात्मक छलफल र बहसले सबै पक्षलाई मद्दत नै गर्छ । प्रदेश सरकारका लागि अहिलेको अवस्था अवसर र चुनौती दुवै हो

मुलुक संघीयतामा प्रवेश गरी सात प्रदेशमा विभाजन भएको छ । केही प्रदेशको स्थायी नामकरणसमेत भइसकेको छ । स्थायी रूपमा राजधानी तोक्नेदेखि नाम राख्नेसमेत सम्पूर्ण अधिकार प्रदेश सभामा नै निहित भएको कुरा वर्तमान संविधानमा उल्लेख छ । राज्यपुनःसंरचनाको क्रममा निश्चितरूपमा विवादहरू स्वाभाविक रूपले आउने गर्दछन् । विभिन्न प्रदेशका विभिन्न स्थानमा थरीथरीका विरोधका कार्यक्रम भएका पनि छन् । वास्तवमा संघीयताको मूल अवधारण केन्द्रीकृत विकासको गतिविधिको अन्त्य गर्न, एकात्मकताको दुर्बल पक्षहरू औंल्याउँदै विकसित भएको हो । सात प्रदेशमध्ये गण्डकी प्रदेश ४, कर्णाली प्रदेश ६ र सुदूरपश्चिम प्रदेश ७ र वाग्मती प्रदेश ३ ले नाम टुङ्ग्याइसकेका छन् । अन्य तीन प्रदेशमा नाम राख्ने काम हुन सकेको छैन । मुलुकमा यतिखेर सहरीकरणको प्रक्रिया तीव्ररूपमा अगाडि बढिरहेको छ । गाउँका कुनाकन्दरासमेत नगरपालिका घोषणा भएका छन । तर नगरमा हुनुपर्ने न्यूनतम पूर्वाधारहरू विकास नहुनाले नाम मात्रको नगरपालिका भएका छन । स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना हुन सकिरहेको छैन । मुलुकका होनहार युवा कामको खोजीमा विदेशिन बाध्य छन । मुलुक एउटा समृद्धशाली देशको रूपमा रूपान्तरण गर्नु आजको आवश्यकता हो ।

प्रदेश नामकरण र राजधानी तोक्ने काम अबिलम्ब गर्नुपर्दछ । आखिर केले छेकेको छ नाम र राजधानी तोक्न ? बरू प्रत्येक निर्णयहरू गर्न गराउन अझ सजिलो भएको छ । नेपालमा कमिसनको व्यापार रोक्नु पर्छ । उत्पादनमूलक व्यवसाय बढाउने काम तिर सबै लाग्नु पर्छ । उत्पादनमूलक व्यवसायबाट प्राप्त भएको आम्दानी दिगो हुन्छ ।नेपाली जनताको आम्दानी बढ्यो भने राज्य बलियो र समृद्धिको मार्गमा अगाडि बढ्छ । राज्यले नागरिकलाई र नागरिकले राज्यलाई बलियो बनाउने काममा जुटनु पर्छ । त्यसो भयो भने मात्र देश बन्छ । त्यसका लागि राज्य र नागरिकबीचको सम्बन्ध नङ र मासुजस्तै हुनुपर्छ । नेपालको ग्रामीण उत्पादनले बजार पाउनु पर्छ । यदि ग्रामीण उत्पादनले बजार पाएन भने ग्रामीण अर्थतन्त्र बलियो हुँदैन । ग्रामीण अर्थतन्त्र बलियो भएन भने राष्ट्रिय अर्थतन्त्र बलियो बन्दैन । ग्रामीण उत्पादन राष्ट्रिय अर्थतन्त्रसँग गाँसिएको हुन्छ ।

नेपाल सरकारले सन् २०२० लाई भ्रमण वर्ष घोषणा गरेको छ । प्राकृतिक रूपमा सुन्दर देश नेपालमा विदेशी पर्यटकको घुइँचो लाग्ने छ । नेपाललाई धनी बनाउने एउटा महत्वपूर्ण उद्योग पर्यटन पनि हो । पर्यटकलाई सेवा सुविधा दिनु पर्छ । नेपाल भ्रमणमा आउने पर्यटकले उपभोग गर्ने र लैजाने उपहारजन्य सामग्री नेपालमा उत्पादन हुनुपर्छ । त्यसो भएमा देशको अर्थतन्त्र बलियो हुँदै जान्छ । विदेशबाट आयात गरिएका सामग्रीबाट नेपाली अर्थतन्त्रमाथि उठ्दैन । पर्यटकले उपभोग गर्ने सामग्री स्वदेशी हुनु पर्छ । जति धेरै पर्यटक नेपाल भ्रमणमा आउँछन त्यति नेपाल धनी हुन्छ । स्वदेशको पैसा विदेसिँदासम्म राष्ट्रिय अर्थतन्त्र बलियो हुँदैन । प्रदेश र स्थानीय सरकार मिलेर उत्पादन बढाउने काम गर्नु पर्छ । उत्पादन बढाउन नागरिकलाई सीप सिकाउनुपर्छ । सरकारले त्यतातिर ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ । नागरिकलाई सीप सिकाएर अनुदान दिने व्यवस्था गरिनुपर्छ । भनसुनका भरमा अनुदान पाउने काम भएको छ । यो राम्रो कुरा होइन । पहुँच नपुग्ने नागरिकले अनुदान पाउनु पर्छ । टाठा बाठाले अनुदान पाउने र त्यसलाई दुरूपयोग गर्ने काम भएको छ । नेपालमा कृषिमा गरिएको लगानी बालुवामा पानीसरह भएको छ ।

संविधानले परिकल्पना गरेको समाजवादउन्मुख व्यवस्थाका लागि गरिबलाई माथि उठाउने नीति हुनुपर्छ । सरकारले घोषणा गरेका अनुदानका प्याकेज निम्न वर्गलाई माथि उठाउने खालका छैनन् । बिनासीपको अनुदानले काम गर्दैन । सीप सिकाउने र अनुदान उपलब्ध गराउने हो भने अनुदान सही सदुपयोग हुन्छ । र लगानी खेर जाँदैन । तरकारी उत्पादन गर्ने किसानले कहिल्यै आफ्नो श्रमको मूल्य पाउन सकिरहेका छैनन् । उपभोक्ताले सधैँ महँगो मूल्यमा उपभोग गर्नुपरेको छ । बिचौलियाले नाफा कमाइरहेका छन् । प्रदेश र स्थानीय सरकार मिलेर किसानको उत्पादन उचित मूल्यमा किनिदिने र बजारमा आफूले वितरण गर्ने व्यवस्था मिलाउने काम गर्नु पर्छ । त्यसो भयो भने किसानले पनि आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि महँगोमा खरिद गर्नु नपर्ने अवस्था सिर्जना हुनेछ ।

नागरिकका सबैभन्दा नजिकका सरकार स्थानीय र प्रदेश सरकार हो । प्रदेश र स्थानीय सरकारले ग्रामीण क्षेत्रका उत्पादकको संरक्षण गर्नु पर्छ । युवा जनशक्तिलाई स्वदेशमा नै रोजगार दिने कार्यक्रम अघि सार्नु पर्छ । ऊर्जाशील युवाशक्तिलाई विदेश पठाएर मुलुकको विकास हुँदैन । त्यो युवाको श्रम र पसिना नेपाली भूमिमा पोखिनु पर्छ । अनि मात्रै नेपालको विकास हुन्छ । अहिले विदेशमा रहेको जनशक्तिलाई नेपालमा फिर्ता बोलाउनु पर्छ । त्यो जनशक्ति नेपाल फर्केको भोलिपल्ट रोजगारीका अवसर दिनु पर्छ । ग्रामीण क्षेत्रका जमिन बाँझो रहेका छन् । ती बाँझो जग्गाहरूमा उत्पादन बढाउने काम गर्नु पर्छ । पर्यटक केन्द्रित उपभोग्य सामग्री उत्पादन र वितरण प्रणालीको विकास गर्ने विषयमा गम्भीर बन्नु पर्छ । अर्गानिक कृषि उत्पादन र उपहारजन्य सामग्री उत्पादन गर्न सरकारले नागरिकलाई सीप सिकाउनु पर्छ ।

नेपाली अर्थतन्त्रलाई बलियो बनाउन सबै मिलेर अघि बढनु पर्छ । प्रदेश सरकारले आफूलाई सिर्जनात्मक बनाउनुपर्ने जरुरी देखिएको छ । विषय विज्ञताको अभाव र अनुसन्धानविनाका नीति योजना र कार्यक्रमका कारण पनि प्रदेश सरकारले विनियोजन गरेका बजेट कार्यान्वयन हुन सकिरहेका छैनन् । बजेट कार्यान्वयन गर्ने तत्परता राजनीतिक र प्रशासनिक नेतृत्वमा त्यत्तिकै जरुरी छ । प्रशासनिक नेतृत्वको कला र जोखिम उठाउने तत्परताको संयोजन मिलाउँदामात्रै बनाइएका योजना र विनियोजित बजेट कार्यान्वयनमा जान सक्छन् ।

सातवटा प्रदेश सरकारले कानुन लागू गर्ने र आवश्यक थप कानुन बनाउने काममा जुटनु पर्छ । आन्तरिक मामिला तथा कानुनमन्त्री, सचिव र मुख्य न्यायाधिवक्ताको हालै विराटनगरमा भएको भेलाले यस्ता विषयमा समीक्षात्मक छलफल गरेको छ । यस्ता समीक्षात्मक छलफल र बहसले सबै पक्षलाई मद्दत नै गर्छ । प्रदेश सरकारका लागि अहिलेको अवस्था अवसर र चुनौती दुवै हो । चुनौतीको सामना गर्ने हिम्मत र साहस गर्नु पर्छ । चुनौतीको सामाना गरेर नै प्रदेशले आफूलाई फैलाउन सक्छ र मुलुक समृद्धिको आधार खडा गर्न सक्छ । संघीय शासन प्रणाली उच्चतम् प्रजातान्त्रिक र जनमुखी शासन प्रणाली हो । सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरू र सार्वजनिक सेवाप्रदायकहरू जनताका निकटतम दुरीमा रहनुपर्छ अनि मात्र त्यो सरकार प्रभावकारी हुन्छ । संघीय शासन प्रणलीअन्तर्गतको निजामती प्रशासन अझै प्रभावकारी, पारदर्शी र परिणाममुखी हुन आवश्यक हुन्छ । सार्वजनिक प्रशासनको भूमिका दलगत प्रभावमा नआई तटस्थ र प्रतिबद्ध भई सेवा प्रवाह गर्नु हो । कर्मचारीले हरेक तहमा राजनीतिक तटस्थता प्रदर्शन गर्दै सेवा प्रवाहमा प्रतिबद्धता, कार्यसम्पादनमा प्रभावकारिता र आफ्नो विशिष्टता र दक्षताको कुशल प्रदर्शन गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा सार्वजनिक प्रशासनको दायित्व महत्वपूर्ण हुन्छ । संघीय शासकीय स्वरूपका तीनै तहमा सार्वजनिक प्रशासनको भूमिका सेवा प्रवाहको दृष्टिले जति महत्वपूर्ण छ, तटस्थता र निष्पक्षताको दृष्टिले अझै चुनौतीपूर्ण छ । यस सन्दर्भमा यो चुनौतीलाई अवसरमा परिवर्तन गर्न प्रशासकहरूले हरेक तहमा राजनीतिक तटस्थता प्रदर्शन गर्दै सेवा प्रवाहमा प्रतिबद्धता, कार्य सम्पादनमा प्रभावकारिता देखाउनु पर्छ । यो नै नेपालको संघीय शासन प्रणालीको आवश्यकता हो ।

प्रशासनयन्त्रको दायित्व भनेको सरकारी सेवालाई सरल, सहज, झन्झटमुक्त र प्रभावकारी बनाउनु हो । संघीय शासन प्रणाली उच्चतम प्रजातान्त्रिक परिपाटी अँगाल्न सकिने प्रणाली हो । संघीय शासन प्रणालीअन्तर्गतको सार्वजनिक प्रशासन अझै प्रभावकारी, पारदर्शी र परिणाममुखी हुन आवश्यक हुन्छ ।

जनप्रतिनिधिमार्फत प्राप्त जनताका अभिमत र चाहनालाई कार्यरूपमा परिवर्तन गर्न सार्वजनिक प्रशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सार्वजनिक प्रशासन राजनीतिक आस्थाबाट प्रभावित हुनु हुँदैन र संविधान, कानुन, नीतिको परिवेशभित्र रही काम गर्नु पर्छ । प्रशासनयन्त्र प्रभावकारी भयो, सेवा प्रवाह चुस्त दुरुस्त रह्यो भने सेवाग्रही सन्तुष्ट हुन्छन् । प्रजातन्त्रमा सरकार कुनै राजनीतिक दल विशेषको हुने भएकाले उसले आफूअनुकूलको प्रशासनयन्त्रको अपेक्षा राख्नु हुँदैन ।

# बर्गीय असमानता द्वन्द्वको कारक



प्रदीप उप्रेती

> कुनै पनि मान्छे जन्मका आधारमा ठूलो वा सानो रहन्छ भन्ने तथ्यलाई सकारात्मक रूपमा किमार्थ लिन मिल्दैन । यो सामाजिक संरचना भित्रको दूषित प्रभाव, जातीय दम्भगत मानसिकता, अन्धविश्वासको पराकाष्ठा एवं अशिक्षाको प्रभाव स्वरूप कायम रहन आएको विकृतिमूलक संस्कृती मात्र हो । त्यसो भएको हुँदा सामाजिक विभेदका रूपमा रहेको असमान व्यवहारहरू अन्त्य हुनु नै सामाजिक सद्भावको प्रादुर्भाव गर्नु सरह हो

द्वन्द्वले सामाजिक परिवेशमा विकृति निम्ताउने वाहेक अन्यथा केही पनि उपलब्धि हासिल गर्न सक्दैन । कुनै पनि बहानामा नेपाली समाजले अब द्वन्द्वको चाहना राख्न सक्दैन । त्यसो भएता पनि द्वन्द्व

अवस्थामा जानी–नजानी उद्दत रहदै आएका छौ । दूषित सामाजिक मानसिकताको प्रभाव स्वरूप वर्गीय असमानताको शुभारम्भ हुने प्रबल सम्भावनालाई नकार्न मिल्दैन ।

यसका अलावा उत्पीडित समूहको उत्थानका लागि राज्यपक्षबाट चालिनु पर्ने सकारात्मक कदमको अभावमा उच्च दम्भगत मानसिकताको अभिवृद्धि भई विभेदजन्य अवस्थाको सूत्रपात हो । यस प्रकारका वर्गीय असमानताले समाजमा द्वन्द्वात्मक वातावरण पैदा गराई राज्यव्यवस्थामा समेत अराजकताको परिस्थिति निमार्ण गर्न सघाउ पुग्नेछ । नेपालको सन्दर्भमा राणाकालीन वा सो भन्दा पूर्ववत अवस्थादेखि नै प्रस्तुत व्यवहारको अत्यधिकता कायम रहेको पाइन्छ । समाज विरोधी उक्त व्यवहार न्यूनीकरणको लागि हाल लोकतान्त्रिक शासकीय स्वरूपमा समेत सकारात्मक सोच सहितको उल्लेख्यनीय काम हुन सकेको छैन । परिणामतः नेपाली सामाजिक संरचनाभित्र उक्त विभेदपूर्ण अवस्थाको उच्चदर केही हदसम्म अध्यावधी कायमै रहन आएको छ ।

नेपालको संविधान (२०७२) को भावना एवं मर्मलाई आत्मसाथ गर्दै बनेका नियम कानूनले पनि प्रत्येक नेपालीजनलाई भाषा, धर्म, वर्ण, लिंग वा जातको आधारमा कुनै पनि प्रकारले विभेद गरेको छैनन् । तथापि अझै पनि सामाजिक मूल्य एवं मान्यता विरुद्धका गलत क्रियाकलापलाई आत्मसाथ गर्दै सोहि आधारमा जातीय उत्पिडनको भेदभावजन्य अवस्था पूर्ण रूपमा विस्थापित गर्न सर्वपक्षिय सहयोगको सदैव खाँचो रहन्छ । मुलुक गणतान्त्रिक शासकिय स्वरूपमा पदापर्ण गरी सकेको वर्तमान अवस्थामा समेत आमजनमानषको सोचाइमा सम्बद्ध व्यवहारका सन्दर्भमा सकारात्मक परीवर्तन गर्न

डरलाग्दो समस्याको रूपमा वर्गीय असमानता एवं सामाजिक द्वन्द्वलाई लिन सकिन्छ । प्रस्तुत अवस्था न्यूनीकरणका लागि कठोरभन्दा कठोर कानुनहरू निर्माण गरिए तापनि व्यवहारमा भने अझैसम्म पनि सकारात्मक परिवर्तनका लक्षणहरू देखा पर्न सकेको छैन ।

कुनै पनि मान्छे जन्मका आधारमा ठूलो वा सानो रहन्छ भन्ने तथ्यलाई सकारात्मक रूपमा किमार्थ लिन मिल्दैन । यो सामाजिक संरचनाभित्रको दूषित प्रभाव, जातीय दम्भगत मानसिकता, अन्धविश्वासको पराकाष्ठा एवं अशिक्षाको प्रभाव स्वरूप कायम रहन आएको विकृतिमूलक संस्कृती मात्र हो । त्यसो भएको हुँदा सामाजिक विभेदका रूपमा रहेको असमान व्यवहारहरू अन्त्य हुनु नै सामाजिक सद्भावको प्रादुर्भाव गर्नु सरह हो ।

नेपाली सामाजिक संरचनामा केही हद सम्म अझै पनि जातको आधारमा कार्य विभाजन गरी सोही तथ्यलाई प्रमुख आधार मान्दै जातीय मूल्याकंन गर्ने परिपाटीको विकासले वर्गीय असमानता एवं मनोवैज्ञानिक रूपमा द्वन्द्वगत अवस्था तयार पार्ने कार्यमा सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ । हुनत नेपाल लगायत विश्वका कतिपय मुलुकमा जातीय आधारमा अत्यन्त विपन्न मानिएका व्यक्ति वा समुदाय विशेषबाट उल्लेख्यनीय एवं समाजको हितको लागि गरेको रचनात्मक कार्यलाई सहजै भुल्न मिल्दैन ।

विभेदपूर्ण यस अवस्थालाई समाजले प्रतिस्थापन गरेको नकारात्मक प्रभावको जालो मात्र मान्न सकिन्छ । किनकि मुलकी ऐन २०२० प्रारम्भ भए देखि नै जातीय भेदभावजन्य अवस्थाको समुल रूपमा अन्त्य भएको घोषणा गरिएको थियो । यस देखिनबाहेक समाजमा अपहेलित भएर बस्न कुनै

यसका अतिरिक्त जातीय भेदभाव एवं छुवाछुत ऐन २०६८ मा समेत सामाजिक परीवेश भित्र वर्गीय असमानता तथा द्वेषपूर्ण व्यवहार प्रदर्शन गर्ने व्यक्ति वा समुदाय विशेषलाई दण्ड जरिवानाको व्यवस्था कायम गरिएको छ । यद्यपि प्रस्तुत भेदभावजन्य व्यवहारबिरुद्ध वनेका नियम कानुन सही रूपमा पालना भए वा भएनन् भन्ने तथ्यलाई सरोकारवाला निकायले राम्ररी अनुगमन गरे पश्चात मात्रै समाजमा छुवाछतसम्बन्धी अवधारणमा सकारात्मक नजिता हासिल गर्न सम्भव रहला । उपरोक्त ऐनमा व्यक्ति, धर्म वा जातजाति आदिको आधार गरिएको अपहेलित क्रियाकलाप वा व्यवहारलाई पनि छुवाछुतको रूपमा गणना गरी दण्ड सजायको परिकल्पना गरिएको छ ।

यद्यपि राज्यले व्यक्ति, समुदाय, लिंग वा जात विशेषका आधारमा केही सुविधामूलक आरक्षणको व्यवस्था गर्दै आएको पाईन्छ । आजको प्रतिस्पर्धी युगमा आरक्षणसम्बन्धी व्यवस्थापन कति उपयुक्त वा अनुपयुक्त रहन सक्छ भन्ने कुरालाई राम्ररी मनन गर्नुपर्ने हुन्छ । किनकि आरक्षणसम्बन्धी व्यवस्थाले आफ्नो लक्ष्य अनुसारको प्रगति हासिल गर्न शत्प्रतिशत सक्षम रहन्छ भन्ने कुराको ग्यारेन्टी कसले प्रदान गर्न सक्छ र ? कतिपय अवस्थामा यस प्रकारका व्यवहारले सम्बद्ध पक्षको आत्मसम्मान एवं स्वाभिमानमा समेत केही हदसम्म नकारात्मक प्रभाव पार्ने देखिन्छ । तसर्थः आरक्षणसम्बन्धी उक्त व्यवस्था पूर्ण रूपले सदुपयोग भए वा भएनन् भन्ने तथ्यलाई राम्ररी हेक्का राखी कार्य गर्नु जरुरी भई सकेको छ । कतिपय अवस्थामा आरक्षित समूहले सो सुविधा उपभोग गर्न नपाई अन्य समूहले अनुचित लाभ हासिल गरेको तथ्य बाहिरिएको छ ।

अत : आरक्षणमा चित्त बुझाउने भन्दा पनि

वातावरणको विकासले आत्मवोधको सही परीक्षण गर्दै आत्मसम्मान प्राप्त हुने कुरालाई अन्यथा लिन मिल्दैन । तसर्थ कुनै पनि सरकारी वा अन्य सेवामा आरक्षणसम्बन्धी व्यवस्था गर्नु भनेको केही हदसम्म नकारात्मक प्रभावको जालो विकास गर्नु मात्र हो । आज एक्काइसौँ शताब्दीका नेपालीजनले प्रतिस्पर्धामा विश्वास गर्छन् नकि, आरक्षणसम्बन्धी व्यवहारमा

किनकी संवैधानिक प्रावधानअनुसार समेत विभेद नरहेको वर्तमान अवस्थामा आरक्षणसम्बन्धी उक्त प्रावधानले यस क्षेत्रमा कतिको सकारात्मक प्रभाव पार्न सक्छ भन्ने कुरा मनन योग्य रहेको छ । यस देखिबाहेक लक्षित समूहका लागि नेपाली समाजमा प्रयोग गर्दै आएको शब्दावलीको सट्टामा अन्य कुनै सम्मानजनक शब्दको प्रयोग गर्ने व्यवस्था भएमा, वर्षौंदेखि प्रताडित रहेर बस्ने समूहको उत्थानको लागि सकारात्मक सन्देह प्रवाह हुन जाने देखिन्छ । नेपाली समाजमा वर्गीय असमानता कायम राख्न खोज्ने शब्दहरू जस्तै दलित वर्ग, पिछडिएको वर्ग, उत्पीडित वर्ग वा सीमान्तकृत वर्ग आदि भनी उच्चारण गरिने यस प्रकारका शब्दले सम्बद्ध समूहको आत्मसम्मान चोट पुऱ्याउन सक्ने भएको हुँदा यी शब्दलाई वर्तमान परिप्रेक्षमा पूर्णरूपले विस्तापित गर्ने वा नगर्ने भनी यसै समूहमा आवद्ध रहने विद्वतवर्ग लगायतका समूहसँग विस्तृतरूपमा विचार विमर्श गरी सम्बद्ध पक्षबाट प्राप्त हुन आएको रचनात्मक सल्लाह एवं सुझावलाई समेटेर आवश्यक निर्णय लिने परिपाटीको विकासले उक्त समुदायलाई अवश्य पनि सामाजिक न्याय प्रदान गर्नमा सहयोग पुग्ने देखिन्छ । यस प्रकारका व्यवहारलाई यदि समाजमा स्थापित गर्न सकियो भने निश्चित रूपमा आज कायम रहन आएको वर्गीय असमानताको अन्त्य भई सामाजिक सद्भाव प्रतिस्थापन गराउन

# व्यावसायिक कृषिले जीवनशैलीमा परिवर्तन



**ध्रुवसागर शर्मा**

स्वदेशमा रोजगार पाइँदैन, सानो पूँजीमा केही गर्न सकिँदैन भन्दै धमाधम ऋण काढेर कठिन मिहिनेत गरी थोरै पैसा कमाउन विदेशिनेहरूलाई म्याग्दीका केही पौरखी युवाहरूले चुनौती दिने गरी काम गर्न थालेका छन् । अरुका देशमा गएर पसिना बगाउनुभन्दा आफ्नै बाटोमा पसिना बगाउनु पर्छ भन्ने उनीहरूको बुझाइ छ । लगन हुने हो र मिहिनेत गर्न सक्ने हो भने थोरै पूँजीमा पनि विदेशमा भन्दा धेरै आम्दानी गर्न सकिने उनीहरू आफैँले प्रमाणित गरिदिएका छन् । बेनी नगरपालिका-२ रोहोटेका शोभित शर्मा, खबराका चन्द्रबहादुर कार्की, बेनी नगरपालिका-४ सिंगा राक्सेकी गीता कार्की र मैना खत्री, जरबुटका नारायण जिसी, मालिका गाउँपालिका-५ बिमका हर्क जुग्जालीलगायत युवायुवतीले गाउँमै बसेर गरेको तरकारी खेती, च्याउ खेती, सुन्तला खेती, मौरीपालन र पशुपालनबाट वार्षिक लाखौं आम्दानी गरेर सबैका लागि उदाहरणीय बनेका छन् । विदेश जाने र जागिर खाने उमेरमा माटोसँग मितेरी लगाएका रोहोटेका शोभित सापकोटाले करिब ३० हजारको लगानीबाट सुरु गरेको तरकारी खेतीबाट आजभोलि वर्षको सात लाख रुपैयाँभन्दा बढी आम्दानी गरिरहेका छन् । उनले उत्पादन गरेको तरकारी घरबाट नै बिक्री हुने गरेको छ भने बजारमा पनि खोसाखोस हुने गरेको छ ।

जिल्लाका अगुवा कृषकसमेत रहेका सापकोटाको फस्टाएको तरकारी खेतीले मनग्य आम्दानी दिएपछि उनी यति वेला खुसी छन् । उनले भने, 'लौ जोड्नुहोस् बीउ, डोरी, प्लास्टिक र अन्य गरी जम्मा ३० हजार रुपैयाँ । रोपेको तीन महिनापछि मनग्य आम्दानी हुन्छ । अनि किन जाने ऋण काढेर विदेश ?' उनको बारीमा अहिले बन्दा, काउली, गोलभेँडा, रायोको साग, मूला, खुर्सानीलगायत तरकारी फलेको छ भने पाँचवटा प्लाष्टिक टनेलका गोलभेँडा पाक्ने अवस्थामा रहेका छन् ।

त्यसैगरी खबराका कार्कीले तरकारी खेती, केरा खेती, मौरीपालन र माछापालन गरेर वार्षिक १२ लाख रुपैयाँ आम्दानी गर्छन् । उनले तरकारीखेती मौरीपालन र माछापालनबाट वार्षिक १२ रुपैयाँ लाखभन्दा बढी आम्दानी गर्दै आएको बताए । 'मिहिनेत गर्न सक्ने हो भने आफ्नै माटोमा पैसा फल्छ,' ५८ वर्षीय कार्कीले भने, 'मैले १९ वर्षको उमेरदेखि जागिर नखाएर र वैदेशिक रोजगारीमा पनि नगई माटोसँग खेल्न सुरु गरेको हुँ, अहिले यही पौरखले डेढ करोडभन्दा बढीको सम्पत्ति जोडेको छु ।' उनले आफ्नो सफलता सुनाए ।

त्यस्तै राक्सेका युवतीद्वय गीता र मैनाले पनि तरकारी खेती र च्याउँ खेतीबाट नसोचेको आम्दानी गर्न सफल भएकी छन् । चारवटा टनेलमा कन्या जातको च्याउ खेती गरेका गीता-मैना च्याउ बिक्रीबाट भएको आम्दानीले मख्ख छन् । राक्से सिर्जनशील कृषि फार्म नै दर्ता गरेर डेढ वर्षअघिदेखि च्याउ खेती सुरु गरेका उनीहरू च्याउ बिक्री गरेर वार्षिक तीन लाख रुपैयाँ कमाउन थालेका छन् । उनीहरूले अहिले दाम मात्रै होइन, गाउँमा 'उद्यमी महिला' को पहिचानसमेत कमाएका छन् । पहिले घरमै खानका लागि च्याउ खेती गर्दै आएका उनीहरू च्याउ खेतीबाट मनग्य आम्दानी गर्न सकिने देखेपछि अहिले व्यावसायिक रूपमा च्याउ खेती गर्न थालेका हुन् । आफ्नो काम र कमाइबाट दुवै जना सन्तुष्टपछि छन् ।

बजारमा च्याउको माग बढ्दै गएता पनि उनीहरूले उत्पादन गरेको च्याउ अहिले घरबाटै बिक्री हुने गरेको छ । चारवटा टनेलमा च्याउ खेती गर्दै आएका यी दुई महिलाको आम्दानीबाट प्रभावित भई गाउँका अन्य महिलाहरूले पनि च्याउ खेती सुरु गरेको अगुवा महिला राधिका पौडेलले बताइन् । सानो पराल र बाँसको छाप्रो बनाएर सानो पूँजीमा सुरु गरेको च्याउखेतीले व्यावसायिक रूप लिएपछि अहिले आधुनिक टनेलमा व्यवस्थितरूपले च्याउ खेती गरेका उनीहरू मनग्य आम्दानी हुन थालेपछि व्यवसाय विस्तारको तयारीमा लागेका छन् । छिमेकी किसानले पनि उनीहरू जस्तै च्याउ खेती सुरु गरेका छन् । च्याउको तरकारी स्वास्थ्यका लागि उत्तम मानिन्छ । च्याउको सेवनबाट विभिन्न रोग पनि निको हुने भएकाले आजभोलि बजारमा च्याउको उपभोग गर्ने उपभोक्ताहरू पनि बढिरहेका छन् । फलस्वरूप च्याउको बजार माग उच्च रहेको छ । मिहिनेती किसान शोभितका अनुसार नेपाली बजारमा च्याउको माग पूर्ति गराउने गरी उत्पादन भएकै छैन । उनले सुरुमा थोरै लगानी गरेर मिहिनेत गरे वर्षमा लाखौं कमाउन विदेश गइरहन आवश्यक नरहेको बताए । उनले भने, 'सरकारले पढेर विदेशिने युवालाई च्याउखेतीसम्बन्धी तालिम दिएर ऋण उपलब्ध गराई सहयोग गर्ने हो भने विदेशिने युवा पनि स्वदेशमै आत्मनिर्भर बन्न सक्नेछन् । उनले सहकारीको माध्यमबाट च्याउखेती गरे झन् बढी आम्दानी हुन सक्ने समेत बताए । त्यसैगरी बेनी नगरपालिका- ६ जरबुटाका नारायण जिसीको कृषि मोह पनि कम रोचक छैन । भूगोलले नै ठगेको जरबुटाको पाखोबारीमा तरकारी खेती गर्दा सुरु गाउँलेले जिल्याएको सम्झिदा जिसीलाई अहिले कम आनन्द लाग्दैन । न सिँचाइको व्यवस्था, न नजिकमा जंगल । अनकन्टार ठाउँमा पोखरीमा जम्मा गरेका पानीको भरमा २०७२ सालमा बेमौसमी तरकारी खेती सुरु गरेका जिसी अहिले तरकारी बेचेर मात्रै वार्षिक ६ लाख रुपैयाँसम्म कमाई गर्दै आएका छन् । उनको बारीमा माघको यो चिसोमा पनि लटरम्म फलेका गोलभेँडा, साग, केराउ, बन्दागोभी, काउली, खुर्सानी, गाजर र काँक्रो लहलहै झुलेका छन् । बेमौसमी तरकारीबाट यो सिजनमा तीन लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने लक्ष्य जिसीको छ ।

त्यस्तै बिमका हर्क जुग्जालीले सुन्तला बिक्री गरेर यस वर्ष एक्लै सात लाख रुपैयाँ कमाउ । कृषि गाउँका रूपमा परिचित बिमका धेरै किसानले सुन्तला खेती गरेका छन् भने युवाहरू वैदेशिक रोजगारीमा छन् । तर विदेश नगईकन हर्कले सुन्तला खेतीमा नै आफ्नो भविष्य रोजेपछि अहिले उनी सफल पनि भएका छन् । उनले भने, 'विदेश गएका साथीहरू तीन/चार वर्षमा घर आउँदा हातमा ठेला र गोजीमा पाँच/६ लाख रुपैयाँ हुन्छ, मैले आफ्नै गाउँमा बसीबसी वर्षको ६/७ लाख रुपैयाँ आम्दानी गर्छु, किने जाने विदेश ?' उनी पनि अरू जस्तै आफ्नो काम र कमाइमा पूर्ण सन्तुष्ट छन् ।

माथिका यी त केही प्रतिनिधि पात्रहरू मात्रै हुन् । पछिल्लो समय म्याग्दीमा व्यावसायिक कृषिको लहर नै चलेको छ । विशेष गरी युवाहरू कृषि र पशुपालनमा आकर्षित भएपछि म्याग्दीको ग्रामीण जीवनशैली नै फेरिएको छ । परम्परागत कृषिको ठाउँमा आधुनिक र व्यावसायिक कृषि प्रणालीको विकास हुँदै गएको स्थानीय जनप्रतिनिधिले बताएका छन् । जिल्ला कृषि ज्ञान केन्द्र म्याग्दी र लघु उद्यम विकास समितिको एक तथ्यांक अनुसार म्याग्दीका करिब दुई सय युवाहरू व्यावसायिक कृषिमार्फत आफ्नो जीवनस्तर माथि उठाउन सफल भएका छन् । उनीहरूको कमाई युरोपियन र खाडी देशमा श्रम गर्ने नेपालीहरूको भन्दा बढी छ । यी युवाहरूका दौतरीले अरूको देशमा गएर काम गरेको उनीहरूले नदेखेका भने होइनन् । अरूकोमा गएर काम गर्दा भन्दा आफ्नै माटोमा काम गर्दा आत्मसन्तुष्टि हुने उनीहरू बताउँछन् ।



**मानदत्त रावल**

# अपांगता भएकालाई भत्ता अपुग



माघ महिनाको चिसो सिरेटो । बिहानीको झुल्के घामसँगै घरको आँगनमा आमाको सहारामा ह्विलचेयरमा निस्कन्छन्, हरिचन्द्र रावल । खलाचौर स्थित कर्णाली राजमार्गको छेउमा उनको घर छ । घरदेखि वरपर जान नसक्ने भएपछि दुई वर्षदेखि उनी घरको आँगनमै बसेर दिन बिताइरहेका छन् । कर्णाली राजमार्ग भएर गुड्ने सवारी साधन र आवत जावत गर्ने मान्छे हेर्दै उनको दैनिकी बित्ने गरेको छ । जान कहीँ सक्दैनन् ।

जिल्लाको चन्दननाथ नपा-७ खलाचौरका २४ वर्षीय रावल पूर्ण अशक्त अपांगता भएका व्यक्ति हुन् । उनी जन्मजात अपांगता भएका व्यक्ति भने होइनन् । वि.सं २०७४ फागुन २८ गते आफैँले चलाएको ट्र्याक्टर दुर्घटना हुँदा मेरुदण्ड भाँचिएपछि उनी पूर्ण अशक्त अपांग भएका हुन् । 'गरिबीका कारण आर्थिक अभाव भएकाले सानोमा पढ्न लेख्न पाइनँ,' उनले भने, 'पछि ठूलो भएपछि जीविकोपार्जनका लागि ट्र्याक्टरको खलासी भएर काम गरेँ । केही समय खलासीमा काम गरेपछि आफैँ ट्र्याक्टर चलाउने भएँ । ट्र्याक्टर चलाउने क्रममै दुर्घटना भएपछि अहिले यो हालत भयो ।' बिगत सुनाए उनले ।

दुर्घटनापछि उनको जीवन केही समय अस्पतालमा बित्यो । उपचारमा करिब पचास लाख रुपियाँ खर्च भएको उनले सुनाए । तर, उनलाई सञ्चो भएन । अहिले ह्विलचेयरको सहारामा जीवन बिताइरहेका छन् । उपचारका लागि सुरुमा जुम्ला अस्पताल, त्यसपछि नेपालगञ्ज हुँदै भारतको लखनऊसम्म पुगेका रावलको भएका घरखेत सबै गयो तर पहिलाको जस्तो जिन्दगी फर्किएन ।

एकातिर असक्त अर्कोतर्फ अफ्टारोमा परेका वेला उनकी पत्नीले पनि छोडेर हिड्नि । उनको जीवनमा अर्को पीडा थपियो । दुर्घटनापछि रावलकी पत्नीले घर छाडेर हिडिन् । अहिले चार वर्षकी एक छोरी उनकै साथमा छिन् । उनको लालनपालन ४७ वर्षीया आमा कर्मकली रावलले गरिरहेकी छन् । जवान छोराले कमाएर पाल्ला भन्दा उनैको स्हारमा लाग्नु पर्दा आमालाई मात्रै होइन, छोरालाई पनि पीडा भएको छ । रावलले भने, 'अहिले त साथमा आमा हुनुहुन्छ । आमाले दुःख गरी पालनपोषण गरिरहनु भएको छ तर, भोलि आमाको ज्यान तलमाथि भए के गरौँला ?' छोरीको भविष्य के हुने हो भन्ने चिन्ताले उनलाई पिरोलेको छ । 'छोरीलाई विद्यालय पठाउन सकिएको छैन,' उनले भने, 'आफ्नो भविष्य त यस्तै भइसक्यो । छोरीको भविष्य बनाउने उपाय छैन मरौँ भने काल आउँदैन बाँचौं भने बाँच्ने आधार छैन ।' निकै भावुक हुँदै पीडा सुनाए उनले । यतिबेला उनलाई आफ्नोभन्दा बढी छोरीको भविष्यको चिन्ता छ । कहिलेकाहीँ आमाभन्दा अगाडि मर्न पाए हुन्थ्यो जस्तो लाग्छ उनलाई । यस्तै यस्तो मनका कुण्ठाले रातमा निद्रा, दिनमा भोक लाग्दैन भन्छन् उनी । 'अरू दाजुभाइ पनि छन्,' उनले भने, 'आमाको माया जस्तो कहाँ होला र ? उनीहरूका पनि घर परिवार छन् । आफ्नो घर परिवारको हेरचाह गर्लान् कि मेरो ?' प्रश्न उठाए उनले । उनका प्रश्न र शंकामा धेरै यथार्थ लुकेको छ ।

अहिले उनको परिवारलाई सरकारले दिएको अपांगता परिचय पत्र सहारा भएको छ । पछिल्लो समयमा सरकारले अपांगता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन थालेपछि यो नै जीवनयापनको माध्यम हुन थालेको छ । मासिक तीन हजार रुपैयाँ आउने सामाजिक सुरक्षा भत्ताबाट घर व्यवहार सञ्चालन भइरहेको रावलकी आमा कर्मकलीले जानकारी दिइन् । उनका अनुसार छोरा रावलको उपचारका लागि घर घडेरी ऋणमा छ । सरकारले दिएको तीन हजार रुपैयाँ आजभोलि नून तेलको सहारा भएको छ । ऋणमा रहेको घर घडेरी निखन्ने कसरी उनलाई चिन्ताले सताएको छ । कतै त्यो पनि गयो भने बस्ने कहाँ ?

रावल दिसा पिसाब तर्काउन पनि सक्दैनन् । पाइपमार्फत पिसाब र पञ्जा लगाएर दिसा गराउनुपर्ने हुन्छ तर, त्यही पञ्जा खरिद गर्न पैसा नहुँदा कर्मकलीलाई भौँतारिनुपर्छ । उनी मात्रै होइन, चन्दननाथ नपा-९ का १८ वर्षीय पशुपति शाही पनि पूरै शरीर नचल्ने पूर्ण अशक्त अपांगता भएका व्यक्ति हुन । उनको घर परिवारको आम्दानीको माध्यम अरू केही छैन । सरकारले उपलब्ध गराएको रातो परिचयपत्र नै घर परिवारको बाँच्ने सहारा भएको छ ।

सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता अपांगता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक र बालबालिकाहरूका लागि भरपर्दो आधार हुन थालेको छ । हरिश्चन्द्र र पशुपति एक नमूनाका पात्र हुन् ।

सरकारले अपांगता भएका व्यक्तिहरूलाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ताले परिवारको गुजारा चल्ने भएकाले सरकार अभिभावक जस्तै लाग्ने गरेको चन्दननाथ नपा-५ कालेखोलीका पूर्ण अशक्त अपांगता भएका व्यक्ति ३७ वर्षीय मोहन शाही बताउँछन् । उनी पनि रातोकार्ड प्राप्त पूर्ण अशक्त अपांगता भएका व्यक्ति हुन् ।

सरकारले अहिले पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरूलाई मासिक ३ हजार रुपैयाँ र अति अशक्त अपांगता भएका व्यक्तिलाई एक हजार २ सय रूपैयाँ भत्ता स्वरूप उपलब्ध गराउँदै आएको छ ।

अपांग पुनःस्थापना तथा विकास केन्द्र जुम्लाका अध्यक्ष नन्दराज धितालका अनुसार पूर्ण अशक्तका लागि सरकारले जति गरेको छ त्यो राम्रो छ तर, परिवारका एक सदस्यले पूरै समय दिनुपर्ने भएकाले त्यस्ता अपांगता भएकाको परिवारका एक जनालाई कर्मचारीलाई दिइने तलब बराबरको रकम दिन आवश्यक रहेको बताए ।

राज्यले अपांगतामैत्री नीति तथा कार्यक्रम ल्याएपनि कार्यन्वयनमा नआउँदा शिक्षाको पहुँचबाट यस्ता व्यक्तिहरू बाहिर रहनुपरेको छ । उनले भने, 'यहाँको प्राकृतिक भूगोल अपांगता मैत्री त छैन तर, मानव निर्मित भौतिक संरचना अपांगता मैत्री नहुँदा हरेक सेवा सुविधादेखि शिक्षा आर्जनबाट समेत वञ्चित हुनुपरेको छ ।'

# फस्टाउँदै पोखरेली साहित्य



■ वासुदेव पौडेल

कास्की । प्रकृतिको वरदानका रूपमा विश्वकै पर्यटकीय स्थलका रूपमा चर्चित पोखरा साहित्य सिर्जनाका लागि पनि उत्तिकै उपयुक्त स्थल हो । कवि शिरोमणि लेखनाथ पौड्यालदेखि जनकवि केशरी धर्मराज थापा, लोक कवि अलिमियाजस्ता थुप्रै नेपाली साहित्यका मुर्धन्य व्यक्तित्वको जन्मथलोसमेत हो पोखरा ।

पुराना मात्र नभई पछिल्ला पुस्ताका दर्जनौं कवि, कवयत्री र कलाकार पोखराले पाएको छ । अग्रजको प्रेरणा लिएर अहिले क्रियाशील पोखरेली साहित्यानुरागीलाई यहाँ चलेका साहित्यिक कार्यक्रम तथा अभियानले प्रेरित गरेका छन् । नेपाली साहित्य क्षेत्रमा चर्चा कमाएको संरक्षण कविता आन्दोलन पोखरेली साहित्यकारकै पहलमा थालिएको थियो । नेपाली कविताको मौलिक राष्ट्रिय आन्दोलनका रुपमा २०५५ असोजमा साहित्यकार सरुभक्तको संयोजकत्वमा या अघि बढेको थियो । मुस्ताङको प्रसिद्व धार्मिकस्थल मुक्तिनाथको रानीपौवामा पाँचबुँदे घोषणापत्रसहित यो आन्दोलन थालिएको अभियानका संयोजक सरुभक्तले बताए । सरुभक्त, विनोद गौचन, भुपिन व्याकुल, धनप्रसाद तामाङ, दिनेश श्रेष्ठ (जे-अस्मिता) र पुष्प आचार्यले रानीपौवाबाट थालेको आन्दोलनले तिनताका साहित्यिक गतिविधिलाई निरन्तरताका साथै यस क्षेत्रमा साहित्यकार तयार गर्न प्रेरित गर्‍यो ।

आन्दोलनअन्तर्गत हिमाल, पहाड र तराईका विभिन्न स्थानमा पुगी त्यहाँका जीवनका भोगाइ र वास्तविकतालाई साहित्यकारले आफ्ना रचनामा उतार्दै स्थानीयलाई सुनाए । 'हालसम्म ६० स्थानमा पुगी साहित्यकारले त्यहाँका जीवन, भोगाइ र वास्तविकतालाई आफ्ना रचनामा उतारेका छन्', सरुभक्तले भने । पोखरेली साहित्यकारले संरक्षण कविता आन्दोलन सुरु गर्नुअघि २०५३ सालदेखि संरक्षण कविता यात्रा गर्दै आएका थिए । यात्रामा अन्नपूर्ण आधार शिविरलगायतका स्थानमा पुगेको स्मरण गर्दै उनले यही यात्राका जगमा संरक्षण कविता आन्दोलन थालिएको बताए । संरक्षण कवितामा बढ्दो सहभागिताले नयाँ कवि तथा कवयत्री तयार गर्‍यो भने विविध साहित्यिक गतिवधि बढाउन वातावरण बनायो ।

यसैबीचमा साहित्यका माध्यमबाट गाउँ पर्यटनलाई जोड्ने मुख्य उद्देश्यसाथ २०६२ असार १८ गते लेखनाथको सुन्दरीडाँडाबाट पोखराको अर्को साहित्यिक अभियान 'अक्षरयात्रा' थालियो । गजल सन्ध्या पोखरा र नवनित साहित्य सागरको संयुक्त आयोजनामा सञ्चालित अक्षरयात्रा प्रत्येक महिनाको तेस्रो शनिबार देशका विभिन्न ठाउँमा पुगेर कार्यक्रम गरिन्छ । तिनताका साहित्य लेखनमा क्रियाशील प्रकट पगेनी शिव, दीपक समिप, कृष्ण उदासी, लक्ष्मण थापालगायतको सक्रियतामा सुरु अक्षरयात्राले १७३ औं शृंखला कटाएको छ । 'जीवन र जगत्को यथार्थ बोधका लागि अक्षरयात्रा' नारासाथ समाजका यथार्थतालाई साहित्यिक रचनाका माध्यमबाट अक्षरयात्रीले पस्कने गरेका नवनित साहित्य सागरका अध्यक्ष लक्ष्मण थापाले बताए ।

अक्षरयात्रीले रमणीय पर्यटकीय गाउँ, ठाउँदेखि मसानघाटसम्म पुगेर जीवन जगत्का भोगाइ र वास्तविकतालाई आफ्ना रचनामा उतारेका छन् । यसले पोखरामा नयाँ साहित्यकार जन्माउन योगदान गरिरहेको गजल सन्ध्या पोखराका निवर्तमान अध्यक्ष अमृत सुवेदीले बताए । अनुभव सुनाउँदै उनले भने, 'लुकेका प्रतिभाको प्रष्फुटनका लागि अक्षरयात्रा वरदान सावित भएको छ ।' अक्षरयात्रीले प्रकृति, सुख, दुःख, सामाजिक मूल्यमान्यता आदि विम्बलाई टपक्क टिप्दै रचनमा पोख्ने गरेको उनको भनाइ थियो ।

पोखरामा साहित्यिक गतिविधिलाई चलायमान बनाउन पछिल्लो समयमा देखिएको अभियान हो, 'पुछारसिटे अभियान' । क्षमता भएर पनि विभिन्न कारणले अवसर नपाएका साहित्यकारलाई अघि ल्याउने लक्ष्यसाथ डेढ वर्षदेखि यो अभियान थालिएको संयोजक सञ्जीव पौडेलले जानकारी दिए । अभियानले प्रत्येक माघे संक्रान्तिमा घ्यू, चाकु र तरुलसँग तथा असार १५ गते दही चिउरासँग कविता शीर्षकमा कार्यक्रम गर्दै आएको छ । अन्य साहित्यिक कार्यक्रम, परिचर्चा पनि गर्ने गर्छ ।

पोखरेली साहित्यिक गतिविधिलाई अघि बढाउन सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान, गीताञ्जली साहित्य परिवार, आलोक साहित्य सदन, पोखरेली युवा सांस्कृतिक परिवार, नेपाल प्राज्ञ मञ्च, लेखनाथ साहित्य प्रतिष्ठान, लोककवि अलिमिया वाङ्मय प्रतिष्ठान, भानु वाङ्मय प्रतिष्ठान आदिले योगदान गर्दै आएका छन् । त्यस्तै पोखरा आर्ट काउन्सिलमा समय समयमा हुने चित्रकला प्रदर्शनी, पोखरा थिएटरमा हुने नाटक प्रदर्शनीले यहाँको साहित्य, कलालगायतका गतिविधि अघि बढाएको छ ।

साहित्यिक गतिविधि बढाउने गरी थालिएका विभिन्न आन्दोलन, अभियान एवं संघ संस्थाका क्रियाशीलताले पोखरामा साहित्यिक गतिविधिलाई चलायमान बनाइरहेको लोकतान्त्रिक प्रतिष्ठानका निवर्तमान अध्यक्ष डा. जगन्नाथ रेग्मी बताउँछन् । 'यस्ता गतिविधिले नेपाली साहित्याकाशमा नयाँ प्रतिभा तयार गर्न योगदान दिइरहेको छ', उनको भनाइ थियो ।

# पुस्तकमा जनताको जनवाद



■ सौर्य समाचार

काठमाडौं । लेखक गोपीरमण उपाध्याय र सञ्चारकर्मी मनहरि तिमिल्सिनाद्वारा सम्पादित 'जनताको जनवादका आधारहरू' नामक पुस्तक बजारमा आएको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को पार्टी कार्यालय धुम्बाराहीमा शनिबार नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले उक्त पुस्तकको विमोचन गर्दै स्पष्ट वैचारिक राजनीतिक कार्यदिशाका आधारमा मात्र पार्टी अघि बढ्ने विचार व्यक्त गरे ।

उनले विचारमा सहीपना र स्पष्टताले मात्रै पार्टीलाई विकसित गर्दै लैजाने जिकिर गरे । उनले भने, 'विचारमा स्पष्टता भएन भने पार्टीले आफ्नो उद्देश्य र लक्ष्य प्राप्ति गर्न सक्दैन ।' उनले सार्वजनिक पुस्तकले नेकपाको वैचारिक धरालत र अब कुन दिशातर्फ जाँदैछ भनेर आमजनतालाई बुझ्न सहज हुने बताए ।

अध्यक्ष प्रचण्डले भने, 'राजनीतिक आन्दोलनपछिको संक्रमणालीन परिस्थितिमा नेपाली राजनीतिको आजको अवस्था र अबको लक्ष्य बुझ्न पुस्तकले महत्वपूर्ण सन्देश दिएको छ ।' उनले नेपालमा कम्युनिष्ट आन्दोलनको उठान, संघर्ष तथा वैचारिक विषयवस्तु समेटिएको यस पुस्तकले नेकपाको आधारिक दस्तावेज तयार गर्न सहयोग पुर्‍याउने आशा व्यक्त गरे । पुस्तकले नेकपाको इतिहास, कार्यदिशा विकासका शृंखला र सन्दर्भ एवं पार्टी एकताको निर्णयसम्मका वैचारिक आधारबारे पार्टी पंक्तिमा थप प्रष्टता ल्याउन मद्दत मिल्ने उनले जनाए ।

पुस्तकमाथि टिप्पणी गर्दै नेकपाका स्थायी कमिटी सदस्य युवराज ज्ञवालीले कम्युनिस्ट विचार विकासको शृंखलालाई पुस्तकमा समेटिएकाले सबैका लागि अत्यन्त उपयोगी रहेको बताए । उनले जनतालाई सार्वभौम बनाउने राजनीतिक प्रणाली नै 'जनवाद' भएको उल्लेख गर्दै पुस्तकमा समाजवादको तयारीको चरण 'जनवाद' हो भन्ने विषयलाई व्यापक विश्लेषण गरिएको जिकिर गरे । पुस्तकका सम्पादक उपाध्यायले नेकपाको ७० वर्षे इतिहासलाई पुस्तकमा समेटिएको जानकारी दिए । त्यस्तै, अर्का सम्पादक तिमिल्सिनाले नेकपाको ऐतिहासिक दस्तावेजलाई संकलन गरेर नेता कार्यकर्तालाई पार्टी कार्यदिशाका बारेमा जानकारी होस् भने लक्ष्य राखेर पुस्तक तयार पारिएको बताए ।

पुस्तकमा नेकपाको स्थापनादेखि एकीकृतको अवस्था, कम्युनिस्ट आन्दोलनको विभाजनपछि विभिन्न समूह हुँदै पूर्वएमाले र पूर्वमाओवादीको धाराको विकासका ऐतिहासिक निर्णय र त्यसको दस्तावेजलाई राखिएको छ । त्यस्तै, पूर्वएमाले र माओवादीको एकतापछि नेकपाले गरेका निर्णयलाई समेत पुस्तकमा लिपिबद्ध गरिएको छ । चार खण्डमा विभाजित पुस्तकको पहिलो खण्डमा नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा, २०१५ सालको आमनिर्वाचनमा नेकपाद्वारा जारी चुनावी घोषणापत्र, २०१७ सालको फैजी 'कु' पछि नेकपाले जनताका नाममा गरेको अपिललगायत विषय समेटिएको छ ।

दोस्रो खण्डमा झापा विद्रोहदेखि नेकपा (एमाले) को गठन, मदन भण्डारीको जनताको बहुदलीय जनवादको पृष्ठभूमि, त्यसको संश्लेषण एवं विकास प्रक्रियासँग सम्बन्धित दस्तावेजका मूल अंश समावेश गरिएको छ । तेस्रो खण्डमा सेक्टर काण्डदेखि माओवादबारे संश्लेषण, जनयुद्धको तयारी, विकास हुँदै २१औं शताब्दीमा जनवादको विकास, १२ बुँदे समझदारी, शान्ति सम्झौता, हेटौंडा महाधिवेशनमा संश्लेषण गरिएको समाजवादी क्रान्तिको कार्यदिशालगायत दस्तावेजन समेटिएको छ ।

यसैगरी चौथो खण्डमा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को चुनावी गठबन्धनदेखि पार्टी एकताको घोषणा, पार्टीका राजनीतिक प्रतिवेदनलगायत विषय समावेश गरिएको छ । नेकपाको समाजवादउन्मुख जनताको जनवादको वैचारिक आधार एवं अन्तर्वस्तु र नेकपाको ७० वर्षको इतिहास बुझ्न पुस्तकले सहयोग पुर्‍याउने सम्पादक तिमिल्सिनाले जानकारी दिए ।

# 'साना साना सपना' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । देवकुमार श्रेष्ठले निर्देशन गरेको चलचित्र 'दि कर्मा' को 'साना साना सपना' बोलको गीत सार्वजनिक भएको छ । १७ माघबाट देशव्यापी प्रदर्शनमा आउन लागेको यो चलचित्रको उक्त गीतमा गायक केतन क्षेत्रीको स्वर, मानसविक्रम थापा र अंकितबाबु अधिकारीको संगीत तथा मानसकै शब्द रहेको छ । गीतको भिडियोमा चलचित्रका कलाकार जयराज राय र संगीता नापितलाई फिचरिङ गरिएको छ । रामजी लामिछानेले कोरियोग्राफी रहेको भिडियोमा जय र संगीताको प्रेमपूर्ण रोमान्सलाई देखाइएको छ । चलचित्रले भारत र नेपालको बोर्डरमा हुने अपराधिक घटनाको कथालाई उठान गरेको निर्माण पक्षले जनाएको छ । जय मिडिया म्यानेजमेन्ट र श्रीत फिल्मस् एन्ड इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता जयराज राय हुन् ।

जयराजले लेखेको चलचित्रमा श्रीदेव बिएल र निशा खतिवडाको लगानी छ । शारदा खड्का सह-निर्माता रहेको यस चलचित्रमा अभिनेत्री परमिता आरएल राणा, करण बर्मा, नीता ढुंगाना, बुद्धि तामाङ, अनुप सक्सेना लगायतका कलाकारको भूमिका छ ।




## मानिस हराएको सूचना !

मेरो प्यारो छोरा रवीन्द्रनारायण मानन्धर स्याङ्जादेखि २०७६ पुस २७ मा काठमाडौं गएकोमा माघ २ देखि घर परिवारबाट सम्पर्कविहीन भएकोले देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।


रवीन्द्रनारायण मानन्धर

बुबा ओमनारायण मानन्धर
क्याक्मी-२ (हाल हरिनास गा.पा.-६) स्याङ्जा
फोन : ९८०८०३१७७७, ९८१६१०१९९०


# अविरलमा डा. ढकाल गुञ्जिए




■ सौर्य समाचार

काठमाडौं । 'अविरल जनसाहित्य यात्रा' को ६४औं शृंखलामा कवि डा.विप्लव ढकाल एक दर्जन कवितासहित गुञ्जिएका छन् । बागबजारस्थित जनसांस्कृतिक महासंघ, नेपालको कार्यालयमा जनसाहित्य लेखक संघको आयोजनामा भएको उक्त कार्यक्रममा कवि डा. ढकालले समसामयिक विषयमा लेखेका कविता सुनाए ।

डा.विजय सुब्बाले डा.ढकालका कविता सुन्दर र सशक्त लागेको बताए । उनले स्रष्टाले समाजमा व्याप्त सबै खाले गलत प्रवृत्तिका विरुद्ध खबरदारी गर्नुपर्ने र राम्रा कुराका पक्षमा सकारात्मक सोच राखेर सिर्जना तयार पार्नुपर्ने धारणा व्यक्त गरे । उनले भने, 'सामाजिक रूपान्तरणका पक्षमा र समृद्ध समाज निर्माणका पक्षमा अझ धारिला सिर्जना गर्नुपर्ने आवश्यकता रहेको छ ।' कार्यक्रममा डा.विन्दु शर्माले डा. विप्लव बताइन् । उनले कविको संक्षिप्त चिनारी दिँदै नेपाली प्रगतिशील साहित्यिक आन्दोलनमा डा. ढकालले पुर्‍याएको योगदानको चर्चा गरिन् । कवि डा. ढकालले कविता रचनाको गर्भका बारेमा संक्षिप्त प्रकाश पारे ।

उनले भने, 'जनसाहित्य लेखक संघले विगत पाँच वर्षभन्दा बढी समयदेखि अविच्छिन्नरूपमा सञ्चालन गरिरहेको अभियानमा मलाई जोडेको हार्दिक आभार व्यक्त गर्दछु ।' उनले आफूले साहित्य सिर्जना गर्नथालेको पैंतिस वर्ष भइसको बताउँदै भने, 'आफ्नै बुबाआमालाई समेत राखेर कविता सुनाउन पाइएको थिएन । तर, आज त्यो संयोग पनि परेको छ र मलाई गर्वबोध पनि भएको छ ।' उक्त कार्यक्रममा उनले 'तिनीहरू राँके भूत होइनन्', 'एक अञ्जुली भानुभक्तहरू', 'च्यातिएको झोलाभित्र', 'कलधारामा पानी आयो' लगायतका एक दर्जन कविता वाचन गरे । उनलाई कविता वाचनमा कवि मोमिला र फूलमान बलले सहयोग गरेको थिए । जनसाहित्य लेखक संघ, नेपालका संयोजक राम विनयले नेपाली साहित्यका क्षेत्रमा तीन दशकदेखि निरन्तर साधनारत् कवि ढकालले


## Invitation for Bids

Division Forest Office Khotang

Contract Id: DFO/KHO/W/NCB-03/2076-077

Date of publication: January 26, 2020

Division Forest Office, Khotang invites sealed bids or electronic bids from eligible bidders for the Construction of Sub Division Forest Office, Diktel mentioned below under national competitive bidding single stage. The estimated amount is NRs. 5,627,975 excluding VAT and contingencies.

1. Eligible bidders may obtain further information and inspect the bidding document at Division Forest Office, Khotang Ph. No.036-420134, email: khodfo@dof.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidding document is available at Division Forest Office Khotang and interested bidders deposit the cost of bidding document in Revenue as specified below with the bid security amount of NRs.168000.

| Name of Bank | Name of office | Office code no | Office Account No. | Revenue Heading |
|---|---|---|---|---|
| Rastriya Banijya Bank, Khotang | Division Forest Office, Khotang | 3070208011 | 1000200010000 (Rajsawa) | 14229 |
| Rastriya Banijya Bank, Khotang | Pradesh lekha unit Khotang | 305010801 | 2060502000000 (Dharauti) | |

3. Sealed or electronic bids must be submitted to the Division Forest Office, Khotang by hand/courier or through PPMO website on or before 12:00 PM on 25th Feb 2020. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on 25th Feb 2020 at the office of Division Forest Office, Diktel.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.

सौर्य दैनिक

# आर्थिक



रूकुम पश्चिमको चौरजहारी नगरपालिका वडा नम्बर -३ को टाटागाउँ फाँटमा कृषकले लगाएको तोरीबालीमा फुलेको तोरीको फूल



कैलालीको चुरे गाँउपालिका-३ सहजपुरमा उत्पादित सुन्तला बिक्री गर्दै व्यापारी । सहजपुर सुन्तलाको पकेट क्षेत्र मानिन्छ

## सातामा साढे आठ अर्बको कारोबार

■ सौर्य समाचार

काठमाडौं । धितोपत्र बजारमा यस साता कारोबार रकम भने पछिल्लो डेढ वर्षको तुलनामा उच्च बिन्दुमा पुगेको छ । साताभर शेयर बजार उतार चढावपूर्ण अवस्थामा रहे पनि कारोबार रकममा भने नयाँ इतिहास कायम गरेको छ ।

साताभर कुल १८७ कम्पनीका सेयर कारोबार भए । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से उतारचढावपूर्ण अवस्थामा रहे पनि दुई करोड ५१ लाख दुई हजार १५९ कित्ता सेयर रु आठ अर्ब ५४ करोड ६८ लाख ३३ हजार ४४६ मूल्यमा खरिदबिक्री भए । बजारले लय समातेर अगाडि बढे पनि क्रमश:नेप्से घटेर साताको अन्तिम दिनसम्म आइपुग्दा एक हजार २ सय को बिन्दुमा झरेको छ । मौसमीरूपमा नाफा कमाउने लगानीकर्ता हाबी हुँदा बजार उतार चढावपूर्ण अवस्थामा रहेको विश्लेषण गरिएको छ ।

नेप्सेका अनुसार साताको पहिलो दिन आइतबार नेप्से परिसूचकमा उच्च अंकको वृद्धि भयो । लगातार उकालो लाग्दै आएको बजारमा त्यस दिनको वृद्धिले नयाँ उचाइँ कायम गरेको थियो । त्यस दिन नेप्सेमा ३३दशमलव४३ विन्दुले वृद्धि भई एक हजार ३४३ दशमलव ६५ मा पुग्यो । प्रतिशतका आधारमा नेप्सेमा २ दशमलव ५५ वृद्धि देखिएको थियो । कूल १७८ कम्पनीका ६१ लाख ३१ हजार ४१८ कित्ता शेयर रु दुई अर्ब नौ करोड आठ लाख ७७ हजार ९१७ बराबर कारोवार भए ।

आइतबारको उचाइ सोमबार कायम हुननसक्दा नेप्से परिसूचक त्यसदिन झण्डै साढे २६ अङ्कले ओरालो लाग्यो । नेप्से परिसूचक





२ दशमलव ५४ विन्दुले घटेर एक हजार ३१७ दशमलव ११ मा पुग्यो । नेप्से ओरालो लागे पनि कारोबार रकम झण्डै रु दुई अर्ब बराबर रह्यो । कूल १८२ कम्पनीका ५८ लाख ४६ हजार २३८ कित्ता शेयर रु एक अर्ब ९७ करोड तीन लाख ८७ हजार ९९३ मूल्यमा खरिद-बिक्री भए ।

मंगलबार नेप्से परिसूचक झिनो अङ्कले वृद्धि भयो । नेप्सेमा सामान्य सुधार देखिँदै ३.३६ विन्दुले बढेर एक हजार ३२० दशमलव ४७ मा समेटियो । झिनो अंकले नेप्से उकालो लागे पनि कारोबार रकम भने करिब डेढ अर्ब नाघेको थियो । स्टकका अनुसार कुल १८३ कम्पनीको ४४ लाख ५५ हजार ५४५ कित्ता सेयर एक अर्ब ५१ करोड ९९ लाख ७६ हजार ७६० मा कारोवार भयो ।

बुधबार नेप्से परिसूचक ७ दशमलव ०५ अंकले घटेर एक हजार ३१३ दशमलव ४२ मा पुग्यो । परिसूचक ओरालो लागे पनि कारोवार रकम भने डेढ अर्ब नाघेको थियो । कूल १८७ कम्पनीका ४९ लाख १४ हजार ४३७ कित्ता शेयर रु एक अर्ब ५८ करोड १३ लाख ८१ हजार ३६४ मा खरिद बिक्री भए ।

साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लाग्यो । लगातार उकालो लाग्दै आएको नेप्से परिसूचक त्यसदिन झण्डै १६ अङ्कले घटेको थियो । नेप्से दशमलव ९५ विन्दुले घटेर एक हजार २ ९७ दशमलव ४७ मा झरयो । एक हजार ३०० को विन्दुमाथि पुगेको बजार ओरालो यात्रासँगै एक हजार २००को विन्दुमा झऱ्यो । कूल १७२ कम्पनीका ३७ लाख ५४ हजार ५२१ कित्ता सेयर एक अर्ब ३८ करोड ४२ लाख नौ हजार ४१२ मा खरिद बिक्री भए । स्टकमा यस साता प्रभु बैंकको ऋणपत्र सूचीकृत भयो । कूल १० लाख कित्ता ऋणपत्र उक्त बैंकको सूचीकृत भएका हुन् ।

## बुद्धले उडान गन्तव्य विस्तार गर्दै

■ सौर्य समाचार

काठमाडौं । निजी क्षेत्रको अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले विभिन्न गन्तव्यमा उडान विस्तार गर्ने भएको छ । कम्पनीले यही माग १८ गते शनिबारदेखि पदेश-२ को राजविराजमा उडान सुरु गर्दैछ भने क्षेत्रीय उडानका रुपमा माघ २० गतेदेखि विराटनगरबाट पोखरा उडान सञ्चालन गर्ने जनाएको छ ।

बुद्धले काठमाडौं-राजविराज दैनिक उडान गर्नेछ । उडानको समय काठमाडौंबाट ११:२५ र राजविराजबाट १२:२० निर्धारण गरिएको विज्ञप्तिमार्फत जनाएको छ । यो गन्तव्यको उडान अवधि झण्डै ३५ मिनेटको हुनेछ । राजविराज उडानले सप्तरी, उदयपुर, सिरहा तथा सुनसरीका यात्रुहरूलाई सुविधा पुग्नेछ । दैनिक उडानले पर्यटन प्रवर्द्धनका साथै नेपाल भ्रमण वर्ष २०२० अभियानलाई समेत टेवा पुग्ने कम्पनीको विश्वास छ ।





राजविराज धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण सहर हो । यहाँबाट छिन्नमस्ता, बराहक्षेत्र, कोसीटप्पु, सलहेश गहवरका साथै अन्य थुप्रै पर्यटकीय गन्तव्यसम्म सजिलै पुग्न सकिन्छ । राजविराज उडानले सीमापारिका सहरसा, सुपौल, निर्मली, वीरपुर, राघोपुर, पिपरा, मधेपुरा, प्रतापगञ्ज, झन्झारपुर, सकरी, घोघडिया, लौकहालाई पनि सजिलैसँग जोड्न सकिने र यसबाट दुवै देशका पर्यटकलाई फाइदा पुग्ने जनाइएको छ । राजविराज विमानस्थलमा निजी क्षेत्रको अर्को वायु सेवा प्रदायक कम्पनीले सातामा तीन दिन उडान गर्दै आएको छ ।

बुद्ध एयरले क्षेत्रीय उडान विस्तारका क्रममा पोखरा-विराटनगर रुटमा पनि उडान गर्न लागेको छ । यो गन्तव्यमा उडान अवधि एक घण्टा पाँच मिनेटको हुनेछ । यो रुटमा साताको तीन दिन सोमबार, बुधबार र शुक्रबार उडान हुने कम्पनीले उल्लेख गरेको छ । कम्पनीले क्षेत्रीय उडानका रुपमा यसअघि पोखराबाट चितवन र भैरहवा उडान गर्दै आएको छ । बुद्ध एयरसँग एटिआर ११ र दुई बिजक्राफ्ट गरी १३ जहाज सञ्चालनमा छ ।

## बाच्छाबाच्छी हुर्काउनै समस्या

■ सौर्य समाचार

पाल्पा । रामपुर नगरपालिका-६ कौवा बस्ने विष्णुदेवी गैरेले गाईपालन व्यवसायबाट राम्रै कमाइ लिइन् । आजभन्दा सात वर्षअघि दुईवटा गाईबाट व्यवसाय सुरु गरेकी गैरेले दूध उत्पादन राम्रो भएपछि व्यवसाय बढाइन् । तराई क्षेत्रबाट जर्सी र होलस्टिन जातको गाई खरिद गरी उनले व्यवसायमा तल्लीन भएर लागिन् ।

‘विगतमा आम्दानी राम्रै हुन्थ्यो । अहिले भने व्यवसायमा लगानी गरे अनुसारको आम्दानी नहुँदा निराश लागेको छ’, उनले भनिन्, ‘दुहुना गाईको तुलनामा बाच्छाबाच्छीको संख्या बढी छन् । अनुत्पादक बाच्छाबाच्छीलाई दानापानी घाँसपातमा ठूलो लगानी गर्नुपर्दा व्यवसाय नै धरापमा परेको छ ।’

‘बाच्छाबाच्छी हुर्काउनै समस्या छ, लामो समय हुर्काएको बाच्छीले पनि तराई क्षेत्रमा जन्मेको बाच्छीले जस्तो दूध नदिने, एउटा बाच्छीलाई हुर्काएर दूध उत्पादन लिने अवस्था बनाउन करिब तीन वर्ष समय पर्खनुपर्दा कृषकलाई मार परेको छ’, उनको गुनासो छ ।

उनको फार्ममा १३ गाईमध्ये छवटा माउ गाई, छवटा बाच्छी, एक उत्पादन दिन नसक्ने माउ गाई छन् । घरमा पालिएका तीनवटा दुहुना गाईबाट हाल दैनिक दश लिटरमात्र दूध उत्पादन हुने गर्छ । ‘सुरु सुरुमा त दूध उत्पादन पनि ५०/६० लिटर सम्म हुन्थ्यो, कमाई राम्रै थियो, व्यवसायमा पनि जाँगर बढेर आउँथ्यो, अहिले बाच्छी गोठभरि भएपछि उत्पादन नै घटेको छ, व्यवसाय होला कि भनेर गरेको उल्टै ऋण थपिएला जस्तो छ’, उनले भनिन् ।

बाच्छाबाच्छी हुर्काउने समस्याले कतिपय कृषकले बिस्तारै गाईपालन व्यवसाय छाड्दै गएको पाइएको छ । दानाको मूल्य बढ्दै जानु, बाच्छी हुर्काएर उत्पादन लिन लामो समय पर्खनुपर्ने अवस्थाले सुरुमा गाईपालन व्यवसायमा हौसिएका कृषकहरु अहिले निराश बनेका छन् ।

रामपुर नगरपालिका-८ का गणेश आचार्यले रामपुरमै ठूलो गाईपालन व्यवसाय चलाए । उनले पनि बाच्छाबाच्छीको संख्या बढ्दै जान थालेपछि व्यवसायलाई घटाउँदै लगे ।

२८ वटासम्म गाई पालेका आचार्यले बिस्तारै बाच्छाबाच्छी बढ्न थालेपछि गाईको संख्या घटाएर दुईदेखि तीनवटासम्म मात्र गाई पाल्न थालेको बताउँदै उनले भने, ‘गाईलाई अन्यत्र लगेर छाड्न पनि भएन, घरमा पाल्न नसक्ने अवस्था आयो, बाच्छाबाच्छी हुर्काउन थाल्दा कृषकलाई आम्दानीभन्दा पनि ऋणमाथिको ऋणको भार थपिएला जस्तो हुन थाल्यो ।’

बाच्छी हुर्काएर छिटो आम्दानी लिन नसकिने र दानापानी, घाँसपातमा ठूलो रकम खर्चनुपर्दा लगानीअनुसार आम्दानी लिन नसकिएको रामपुर नगरपालिका-४ का विनोद श्रेष्ठले बताए । ‘ बाच्छी हुर्काएर उत्पादन लिन तीन वर्ष जतिको समय पर्खनुपर्ने, तराईमा जन्मेका बाच्छीको तुलनामा यहाँ जन्मेका बाच्छीले राम्रो दूध उत्पादन पनि नदिने, बाच्छाबाट झन् उत्पादन नै लिन नसकिने हुँदा कृषकलाई समस्या परिरहेको छ’, उनले भने ।

पशु सेवा शाखा कार्यालय रामपुरका प्रमुख तुल्सीराम काफ्लेले भने, ‘घाँसमा पशुलाई चाहिने पर्याप्त पोषण भए पनि कृषकले पोषिलो घाँस उत्पादनमा जोड नदिनु, प्राविधिकसँग सल्लाह नलिँदा बाच्छाबाच्छी हुर्काउन समस्या परेको छ, पोषिलो घाँस नियमित खुवाएमा दूध उत्पादन बढ्ने र छिटो बाच्छी ब्याउने गर्दछ ।’

रामपुर नगरपालिका क्षेत्रमा एक दर्जनको हाराहारीमा व्यावसायिक तरिकाले गाईपालनमा कृषक आबद्ध छन् । तराई क्षेत्रबाट होलस्टिन र जर्सी जातका गाई खरिद गरी कृषकले व्यवसाय चलाइरहेका छन् । व्यवसाय सुरुका वर्षमा कृषकले सोचेभन्दा पनि बढी आम्दानी लिन थालेपछि बिस्तारै गाईको संख्या बढाउँदै गए । पछि विस्तारै बाच्छाबाच्छीको संख्या थपिँदै जाँदा व्यवसाय निल्नु न ओकल्नु जस्तै बनेको छ ।

## प्लास्टिककै भाँडामा दूध ढुवानी !



■ राजकुमार पराजुली

काभ्रे । सरकारद्वारा जारी दूध तथा दुग्ध पदार्थ उत्पादन मापदण्ड निर्देशिका-२०७५ विपरीत यहाँ प्लास्टिकका भाँडामा दूध बोक्ने तथा भण्डारण गर्ने गरेको पाइएको छ ।

नेपाल खाद्य, प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय धुलिखेलले जिल्लास्थित दुग्ध चिस्यान केन्द्र तथा दुग्ध संकलन केन्द्रको पटक-पटक अनुगमन गरी सचेत गराए पनि जिल्लाका अधिकांश व्यवसायी तथा कृषकले समेत अझै प्लास्टिककै भाँडामा दूध ढुवानी गरिरहेको पाइएको हो । निर्देशिकाअनुसार प्लास्टिकको भाँडामा दूध बोक्न तथा भण्डारण गर्न पाइने छैन भने बासी दूध पनि बिक्री गर्न पाइने छैन । तर, डिभिजन कार्यालय धुलिखेलले दुग्ध चिस्यान केन्द्र तथा दूध संकलन केन्द्रमा पटक पटक गरेको अनुगमनका क्रममा प्लास्टिकका भाँडामा दूध नबोक्न तथा भण्डारण नगर्नसमेत सचेत गरायो तर अहिलेसम्मको अवस्था उस्तै छ ।

गत जेठ महिनामा अनुगमनका क्रममा दूधमा केमिकल नमिसाउन तथा प्लास्टिकको भाँडामा दूध बोक्न तथा भण्डारण नगर्न सचेत गराइएको डिभिजन कार्यालय धुलिखेलका खाद्य अनुसन्धान अधिकृत शिवप्रसाद भण्डारीले बताए । ‘दूध व्यवसायीले मानेका छैनन्, अधिकांश दूध संकलकले आल्मुनियमको भ्याट खरिदमा सरकारसँग अनुदान मागेका छन्’, उनले भने । सरकारले ५० प्रतिशतसम्म अनुदान दिए भाँडा परिवर्तन गरिने दूध व्यवसायीको भनाइ छ । ‘हामी पनि दूधमा स्वच्छता कायम गर्न प्रतिबद्ध छौं, यसका लागि सरकारले ५० प्रतिशतसम्म अनुदान दिए भाँडा परिवर्तन गर्छौं’, उनीहरूको दाबी छ ।

कतिपय दुग्ध व्यवसायीलाई दूध तथा दुग्ध पदार्थ उत्पादन मापदण्ड निर्देशकबारे जानकारी नहुँदा प्लास्टिकका भाँडा विस्थापन नगरेको भण्डारीले बताए । उनले भने, ‘ निर्देशिकाअनुसार कृषकले बिहानको बिहानै र साँझको दूध साँझै बिक्री गर्नुपर्ने हुन्छ ।’ निर्देशिकाअनुसार दूधमा स्वच्छता कायम गर्न कार्यालयले त्यतिवेला दूधको पकेट क्षेत्र मानिएका पनौती नपा, नमोबुद्ध नपास्थित भकुण्डे र पाँचखाल नपाका दूध व्यवसायी एवं अगुवा कृषकलाई अभिमुखीकरणसमेत गरेको थियो । भण्डारीले भने, ‘ निर्देशिकाअनुसार अब कृषकले समेत प्लास्टिकको भाँडोमा दूध बोक्न पाउने छैनन् ।’ भण्डारीका अनुसार केही व्यवसायीले स्टिल तथा आल्मुनियमका भाँडा बनाउन अनुदान मागेकाले सो सम्बन्धी केन्द्रीय कार्यालयमा छलफल भइरहेको छ ।

उनले भने, ‘दूधमा स्वच्छता कायम गर्न निर्देशिका ल्याइएको भए पनि व्यवयासीको अटेरीका कारण निकै समस्या भएको छ ।’ निर्देशिकाअनुसार दूधमा स्वच्छता कायम गराउन प्रहरीको सहयोगमा पुनः अनुगमन तथा कार्वाही गर्न तयारी भइरहेको पनि उनले जानकारी दिए । जिल्लामा करिब ५० वटा चिलिङ सेन्टर छन् भने तीन सयभन्दा बढी दूध संकलन केन्द्र छन् ।

पाँचखाल नगरपालिका-४ तामाघाटस्थित दूध विकास संस्थान (डिडिसी)को चिलिङ सेन्टरले दूध संकलकलाई स्टिल तथा आल्मुनियमको चिलिङ भ्याट (दूध ढुवानी ट्यांक) प्रयोग गर्न भनेपछि व्यवसायीले निजी डेरीमा दूध बिक्री गर्न थालेका छन् । सेन्टरका एक अधिकारीले स्टिल तथा आल्मुनियमको चिलिङ भ्याटमा दूध ढुवानी गर्न भनेपछि व्यवसायी तथा जनप्रतिनिधि समेतले निजी डेरीमा बिक्री गर्न थालेको बताए । उनका अनुसार आठ हजार लिटर दूध संकलन हुँदै आएको केन्द्रमा हाल करिब दुई हजार ५सय लिटर मात्रै आउँछ ।

दूधमा मानिसले खाने सोडा तथा साबुन बनाउन प्रयोग हुने कास्टिङ सोडा (जसले दूध जम्न र फाट्न दिँदैन), चिनी र पीठोलगायत वस्तु मिसाउने गरेको जनगुनासो आएपछि चिस्यान केन्द्र तथा संकलन केन्द्रमा समयसमयमा अनुगमन गर्ने गरिएको कार्यालयले जनाएको छ । बासी दूध तताउँदा दूधको एसिडिटी बढ्ने र उक्त दूध सेवन गर्दा मानव स्वास्थ्यमा असर पर्ने भण्डारीले बताए । उनका अनुसार बासी दूध नजमोस् र नफाटोस् भन्नका लागि दूधमा कास्टिङ सोडा, चिनी र पीठो प्रयोग गरिएको हुन्छ ।

खाद्य पदार्थमा समस्या थपिँदै गएपछि प्रभावकारी अनुगमन गरी नियमन गर्न मुलुकको नयाँ संरचनाअनुसार २४ स्थानमा डिभिजन कार्यालय स्थापना गरिएको छ । विराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढीमा क्षेत्रियस्तर खाद्य प्रयोगशाला तथा काठमाडौंमा केन्द्रीय खाद्य प्रयोगशाला स्थापना गरिएको छ । खाद्य ऐन, २०२३ अनुसार खाद्यवस्तु गुणस्तरहीन देखिएमा ५० हजार जरिवाना वा पाँच वर्ष कैद वा दुवै

## अनुदानमा सोलार वितरण

■ सौर्य समाचार

मान्म । नरहरिनाथ गाउँपालिकाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सोलार वितरण गरेको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको समन्वय र आंशिक अनुदानमा ५० देखि ५५ वाटका चार हजार ७९५ घरधुरीलाई सोलार वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकामा विद्युतीकरण नभएपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा १६ हजार पर्ने सोलारमा ११ हजार अनुदान दिइएको गाउँपालिकाले जनाएको छ । पहिलो चरणमा झण्डै दुई हजार ७४७ सोलार



भइरहेको गाउँपालिका उपाध्यक्ष मनशोभा बूढाले बताए । ‘हाम्रो गाउँमा विद्युतीकरण भएको छैन’, उनले भने, ‘अँध्य

अनुदान र गाउँपालिकाको एक हजार अनुदानमा स्वयं व्यक्तिको चार हजार लिएर ५० देखि ५५ वाटका सोलार

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद




नेपाल उमा कुङ्फु संघको आयोजनामा राष्ट्रिय रेफ्री सेमिनार जोरपाटीस्थित शेर्पा प्यालेसमा शनिबार सम्पन्न भएको छ



कखरा स्कुलले नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाएका पूर्वधावक जितबहादुर केसीलाई शनिबार नगदसहित सम्मान गरेको छ

'ए' डिभिजन लिग

## संकटाले फ्रेन्ड्सलाई हरायो

### आर्मी १० खेलाडीमा सिमित न्युरोड टिम एनआरटी क्लबसँग गोलरहित बराबरीमा

■ सौर्य समाचार

काठमाडौं । संकटा क्लबले कतार एअरवेज सहिद स्मारक ए डिभिजन लिगअन्तर्गत शनिबारको दोस्रो खेलमा फ्रेन्ड्स क्लबलाई पराजित गरेको छ । दशरथ रंगशालामा भएको दोस्रो खेलमा संकटा १-० ले विजयी रह्यो ।

फ्रेन्ड्सले सुरुवाती समयमा संकटामाथि दबाब बनाएपनि पोस्टमा बलियो आक्रमण गर्न सकेन । खेलको २४ औं मिनेटमा संकटाले अग्रता लिने सुवर्ण अवसर गुमायो । पेनाल्टी क्षेत्रभित्र अनमार्क रहेको अवस्थामा उनको प्रहार आकासियो ।

३० औं मिनेटमा फ्रेन्ड्सका विश्व अधिकारीको फ्रिकिकमा वाग्नर डे कार्मोको प्रहारले पोस्टको दिशा लिन सकेन ।दोस्रो हाफमा संकटाले सुधारिएको प्रदर्शन गऱ्यो । ४७ औं मिनेटमा अमित तामाङको क्रसमा कर्ण लिम्बुको ब्याकहिल प्रहार पोस्टभन्दा केहि बाहिर गयो । ५५ औं मिनेटमा लक्ष्मण रुचालले २५ यार्ड टाढाबाट प्रहार गरेको सट पोस्टभन्दा माथि गयो ।

खेलको ६४ औं मिनेटमा संकटाले अजायी मार्टिन्स कायोदेको गोलमा अन्ततः अग्रता लियो । सुवास गुरुङले बायाँ विंगको कर्नर नजिकबाट प्रहार



गरेको फ्रिकिकमा अजायीले हेडर मार्फत गोल गरेका थिए । त्यसपछि दुवै तर्फबाट गोल हुन नसक्दा संकटा विजयी भएको हो । यस जितसँगै संकटाले ८ खेलमा १२ अंक जोडेको छ । संकटाले ८ खेलमा ३ जित, ३ बराबरी र २ हार बेहोरेको छ । पाँचौं स्थानमा एनआरटि, जावलाखेल र संकटाको समान १२-१२ अंक रहेको छ । फ्रेन्ड्स भने ८ खेलमा ८ अंकसहित ११ औं स्थानमा सिमित छ ।

**एनआरटीसँग आर्मीको बराबरी**

त्यसैगरी सोही प्रतियोगिताको अर्को खेलमा शीर्ष स्थानको त्रिभुवन आर्मी क्लब बराबरीमा रोकिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा आर्मी १० खेलाडीमा सिमित न्युरोड टिम एनआरटी क्लबसँग गोलरहित बराबरीमा रोकिएको हो । एनआरटीविरुद्ध बल पोजिसनमा पकड जमाएपनि आर्मीले गोल गर्न सकेन ।

उसका लागि एनआरटीका गोलकिपर अजित प्रजापति बाधक बनेका थिए । आर्मीका पदक पटकको प्रहार उनले उत्कृष्ट बचाउ गरे । खेलको १६ औं मिनेटमा आर्मीका जर्ज प्रिन्स कार्कीले डिबक्सको ठिक बाहिरबाट हानेको सशक्त प्रहार एनआरटीका गोलकिपर अजित प्रजापतिले उत्कृष्ट बचाउ गरे ।

यस्तै खेलको १७ औं मिनेटमा एनआरटीले पनि गोलको अवसर गुमायो । उसका दर्शन गुरुङले डिबक्स भित्रबाट बाहिर प्रहार गरे । खेलको ८० औं मिनेटमा सुमन अर्यालको हेड बाहिरिएको थियो ।

खेलको इन्जुरी समयमा जुनियर निकेनगुएले दोहोरो पहेलो कार्डसहित रातो कार्ड पाउँदा एनआरटी १० खेलाडीमा समेटिएको थियो । यस्तै इन्जुरी समयमा आर्मीका सन्तोष तामाङको उत्कृष्ट फ्रिकिक पनि अजितले उत्कृष्ट बचाउ गरे । खेलमा एनआरटीका गोलकिपर अजित प्रजापति म्यान अफ दि म्याच चुनिए । एनआरटीसँगको बराबरीसँगै आर्मीले शीर्ष स्थानमा ३ अंकको अग्रता बनाउने मौका गुमाएको छ । आर्मीले ८ खेलमा १७ अंक जोडेको छ । र, आर्मी दोस्रो स्थानको मच्छिन्द्रभन्दा १ अंकले अघि रहेको छ । एनआरटीले ८ खेलमा १२ अंक जोडेको छ । एनआरटी पाँचौं स्थानमा रहेको छ ।

## बंगलादेशसँग पाकिस्तान विजयी



■ एजेन्सी

इस्लामावाद । पूर्व कप्तान शोएब मलिकको अविजित अर्ध शतकमा बंगलादेशसँगको पहिलो टि ट्वान्टी खेलमा घरेलु टोली पाकिस्तान ५ विकेटले विजयी भएको छ । बंगलादेशले प्रस्तुत गरेको १ सय ४२ रनको लक्ष्य पाकिस्तानले १९.३ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो।

पाकिस्तानको जितमा शोएब मलिकले ४५ बलमा ५ चौका सहित ५८ रनमा अविजित रहे । यसै खेल खेलबाट टि ट्वान्टीमा डेब्यू गरेका ओपनर आशन अलीले ३२ बलमा ४ चौका प्रहार गर्दै ३६, मोहम्मद हफिज १७ र इफ्तिखर अहमदले १६ रनको योगदान दिए । कप्तान बाबर आजम शून्यमा आउट भए । बाबर पहिलो पटक टि ट्वान्टी क्रिकेटमा शून्यमा आउट हुन पुगेका हुन् ।

बंगलादेशका शफिउल इस्लामले २, मुस्ताफिजुर रहमान, अल अमिन हुसैन र अमिनुल इस्लामले १-१ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको बंगलादेशले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ४१ रन बनाएको थियो । ओपनर मोहम्मद नइमले ४१ बलमा ३ चौका र २ छक्का सहित सर्वाधिक ४३ रनको योगदान दिए ।

तमिम इकवाल ३९, लिटन कुमार दास १२ र कप्तान महमुदुल्लाहले १९ रनको योगदान दिए । पाकिस्तानका यसै खेलबाट डेब्यू गरेका तीव्र गतिका बलर हरिस रउफ, शाहिन शाह अफ्रिदी र स्पिनर सादव खानले १-१ विकेट लिए ।

## बागमती गोल्डकप फागुन १ गतेदेखि

■ सौर्य समाचार

हेटौंडा । बागमती गोल्डकप फुटबल प्रतियोगिताको तेस्रो संस्करण फागुनमा हुने भएको छ । शुक्रबार पूर्वी मकवानपुरको बागमती गाउँपालिकास्थित फापरबारीमा आयोजित पत्रकार सम्मेलनमा पुरस्कारको राशिसमेत दुई गुणा वृद्धि गरिएको आयोजकले जानकारी दिएको छ ।

बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष अरुण लामा बलले प्रतियोगितामा प्रथम हुने टिमलाई ६लाख र दोस्रो हुने टिमलाई तीन लाख रुपैयाँसहित सिल्ड र प्रमाणपत्र दिइने बताए ।

फागुन १ गतेदेखि १० गतेसम्म हुने प्रतियोगिता हेटौंडाबाट ४५ किलोमिटर पूर्वस्थित जनता माध्यमिक विद्यालयको प्रांगणमा हुने




प्रतियोगितामा ६७ लाख ६५ हजार रुपैयाँ खर्च हुने उनले बताए । ५ वटा ए डिभिजन, प्रदेशस्तरीय र जिल्लास्तरीय ४-४ वटा र आयोजकसहित १० टिमको सहभागिता रहने करिब २५ हजार जना दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई ५० हजार तथा विधागत उत्कृष्ट ५ खेलाडीलाई जनही १० हजार, प्रत्येक खेलका 'म्यान अफ दी म्याच'लाई पाँच हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र दिइने अध्यक्ष बलले जानकारी दिए । बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले अब श्रमिक मात्र होइन गाउँमै फुटबल खेलाडी उत्पादन गरेर विदेश पठाउन सके धेरै कमाइ हुने बताए ।

प्रतियोगितामार्फत बागमती गाउँपालिकाको पनि प्रचारप्रसार हुने भन्दै उनले प्रतियोगिताका लागि गाउँपालिकाले ३५ लाख रुपैयाँ सहयोग गर्ने बताए । प्रतियोगितामा वीरञ्ज युनाइटेड, नवजागृति सिमरा, बागमती क्लब (सर्लाही), मकवानपुर ११ लगायतले खेल्ने बताएपनि ए डिभिजन क्लबहरूसँग समन्वय भइरहेको बताइएको छ ।

दोस्रो बागमती गोल्ड कप २०७५ को उपाधि सरस्वती क्लब काठमाडौं र पहिलो बागमती गोल्ड कप २०७५ को उपाधि हरिहरपुर गाउँपालिका, सिन्धुलीले आफ्नो पोल्टामा पार्न सफल भएको थियो ।

## मेलबर्न स्टार्स क्वालिफायरमा

■ एजेन्सी

सिडनी । नेपाली लेग स्पिनर सन्दीप लामिछाने सम्मिलित मेलबर्न स्टार्स बिग ब्यास लिगको क्वालिफयारमा प्रवेश गरेको छ । शनिबार आफ्नो लिग चरणको अन्तिम खेलमा ब्रिसबेन हिटसँग ७१ रनले पराजित भएपनि मेलबर्न स्टार्स शीर्ष स्थानमा रहँदै क्वालिफयारमा स्थान पक्का गरेको हो ।

हिटले प्रस्तुत गरेको १ सय ८७ रनको विजयी लक्ष्य पछ्याएको स्टार्स १७.४ ओभरमा अल आउट हुँदै १ सय १५ रनमा समेटियो । ओपनर मार्कस स्टोनिसले ११ बलमा २ चौका र १ छक्का सहित १७ रन जोड्दै राम्रो सुरुवात दिलाएपनि मध्यक्रममा निरन्तर विकेट गुमाउँदा पराजित हुन पुगेको हो ।

पिटर हेन्डस्कम्ब २७ रनमा रन आउट भए । कप्तान ग्लेन म्याक्सवेललाई मिचेल स्वेपसनले नवौं ओभरको चौथो बलमा १ रनमा बोल्ड आउट गरेपछि मेलबर्न स्टार्सको जित टाढिएको थियो । ब्याटिङ गर्ने मौका पाएका सन्दीप ३ बलमा १ रन बनाउँदै क्याच आउट भए ।

मिचेल स्वेपसनले ४ ओभरमा ३१ रन



खर्चेर ३ विकेट लिए । मुजिब उर रहमान र जेम्स प्याटिनसनले समान २-२ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको हिटले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ८६ रन बनाएको थियो ।

उसका दक्षिण अफ्रिकाका पूर्वकप्तान एबी डी भिलियर्सले ३७ बलमा ६ छक्का र २ चौका सहित ७१ रनको महत्वपूर्ण इनिङ खेले । ओपनर साम हिजलेटलाई एडम जम्पाले दोस्रो ओभरको अन्तिम बलमा १८ रनमा बोल्ड आउट गरे ।

त्यस्तै अर्का ओपनर बेन कटिङलाई पनि जम्पाले आठौं ओभरको पाँचौं बलमा २२ रनमा निक मडिनसनबाट क्याच गराए । सन्दीपले ११ औं ओभरको चौथो बलमा कप्तान क्रिस लिनलाई ३४ रनमा निक लरर्किनबाट क्याच गराएपछि दबाबमा परेको थियो ।

तर डी भिलियर्सले तल्लोक्रममा आक्रामक ब्याटिङ गर्दै बलियो योगफलमा पुऱ्याएका थिए । मार्नस लाबुसनले १३ बलमा २ छक्का सहित २४ रनमा अविजित रहे । पाँचौं विकेटका लागि लाबुसेन र डी भिलियर्सले तल्लोक्रममा २ ९ बलमा ७० रनको साझेदारी गर्दै विशाल योगफलमा पुऱ्याएका हुन् ।

स्पिनर एडम जम्पाले ४ ओभरमा २७ रन खर्चेर ३ विकेट लिए । सन्दीप लामिछाने ४ ओभरमा १६ रन खर्चेर १ विकेट लिए । दिलबर हुसैनको नाममा १ विकेट रह्यो । यो हारको बाबजुद पनि बिग ब्यासको लिगमा मेलबर्न स्टार्स शीर्ष स्थानमै रहेपछि क्वालिफायरमा प्रवेश गरेको हो ।

मेलबर्न स्टार्स १४ खेलमा ४ मा हार र १० मा जित सहित २० अंक जोड्दै शीर्ष स्थानमा छ । दोस्रो स्थानमा रहेको सिड्नी सिक्सर्स १४ खेलमा ९ मा जित र ४ मा हार सहित दोस्रो स्थानमा रहेको छ ।

## 'लगातार जित्ने' र 'लगातार हार्ने' म्यानचेस्टर !

■ एजेन्सी

लण्डन । आजभन्दा १९ वर्षअगाडि अर्थात् सन् २०००-०१ को सिजनमा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले एक 'रेकर्ड' बनायो । युनाइटेडले उक्त सिजनको प्रिमियर लिग खेल बाँकी रहँदा नै सबैभन्दा चाँडै जितेको थियो । प्रिमियर लिगमा यो एक रेकर्ड नै थियो । म्यानचेस्टरले यो रेकर्ड बनाउनुका पछि केही बलिया आधारहरू पनि थिए। क्लब फुटबलमा 'भगवान' मानिने सर एलेक्स फर्गुसन म्यानचेस्टरका प्रशिक्षक थिए । यतिखेर चाहिँ अर्को इंग्लिस क्लब लिभरपुलका योर्गेन क्लोप उनै फर्गुसनले बनाएको त्यो कीर्तिमान भंग गर्ने दाउमा देखिन्छन् । यात्रामा कुनै अवरोध नआए गुडिसन पार्क अर्थात् एभर्टनको मैदान या इत्तेहाद सिटीको मैदानमा उपाधि जित्दा लिभर पुलले आफ्नो पारम्परिक प्रतिद्वन्दी म्यानचेस्टर युनाइटेडको कीर्तिमान भंग गर्नेछ ।

युनाइटेडले उपाधि जित्दा उसको हातमा पाँच खेल बाँकी थियो । सिटीले पनि २०१७-१८ मा उपाधि जित्दा उति नै खेल हातमा रहेको थियो । लिभरपुलले गुडिसन पार्कमा उपाधि उचाल्ने हो भने उसको हातमा ८ खेल बाकी रहँदानै उपाधि हातमा हुने छ । अर्थात् फर्गुसनको रेकर्ड योगर्न क्लोपले आफ्नो नाममा पार्नेछन् ।

युनाइटेडलाई गत १९ जनवरीमा आफ्नो मैदानमा २-० ले हराएसँगै लिभरपुलले आफूलाई लिग च्याम्पियन हुनबाट कसैले रोक्न नसक्ने उदघोष गऱ्यो । किनभने लिभरपुलले यूनाइटेडलाई हराएसँगै नयाँ कोशेढुँगा पार गर्न सफल भयो । २२ खेल सकिँदा १६ अंकको दुरीमा रहने यो किर्तिमान लिभरपुलले चेल्सीको २००५-०६ को कीर्तिमानको बराबरी थियो ।

एक समय लिभरपुलजस्तै न्यु क्यासलको पनि दबदबा थियो । १९९५-९६ को सिजनमा जतिबेला उपाधि जित्ने ढुक्क भएको तर्फ इंगित गर्दै न्यु क्यासलका केभिन किगनले फुर्तिका साथ भने-'आइ वुड लभ इट इफ वि बिट देम, लभ इट' (उनीहरूलाई हराउने हो भने मलाई एकदम राम्रो लाग्नेछ) ।

कारणः सिजनको शुरुवातमा न्यु कासल १२ अंकको अग्रतामा थियो । तर, अन्तिममा लिग युनाइटेडले चार अंकले अघि रहेर जित्यो । प्रिमियर लिगमा ठूलो अग्रता लिएर पनि उपाधि जित्न नसकेको टोली न्यु कासल नै हो र कसैले तोड्ने सामर्थ्य राख्थ्यो भने त्यो म्यानचेस्टर युनाइटेड नै थियो ।

तर अहिले कथा फरक छ । लिभरपुल न्यु क्यासलको यो कीर्तिमान तोड्न चाहँदैन । यदि लिभरपुलको कीर्तिमान कसैले तोड्ने सामर्थ्य कसैले राख्छ भने त्यो युनाइटेड हुने छैन । युनाइटेडले 'फर्गुसन ऐरा'मा के जितेन ? उसले सबथोक जित्यो । फर्गुसन कति सफल प्रशिक्षक हुन् भने उनले युनाइटेडलाई १३ पटक त प्रिमियर लिगमात्रै जिताए ।

१३ पटक च्याम्पियन बनाउँदा फर्गुसन ११ पटक म्यानेजर अफ द सिजन' भए । उनको आफ्नै कथा छन् । तर, यो पटक युनाइटेडमा केन्द्रित हुनुको पछाडि २७ वर्ष फर्गुसनले सम्हालेको युनाइटेडको साखमा अहिले प्रश्न उठ्न थालेको छ । फुर्गसनले २०१२-०१३ को सिजनमा च्याम्पियन बनाएर छोडेको युनाइटेडले उपाधि नजितेको ७ वर्ष हुन लागेको छ । सर्वाधिक धेरै समर्थक भएको विश्वको ठूलो फुटबल क्लब युनाइटेड उपाधि अभियानको हिस्सेदार त परको कुरा, प्रिमियर लिगमा शीर्ष चारका लागि समेत निरन्तर संघर्ष गर्नु परिरहेको छ ।

युनाइटेडको बैचैनी यो बिचमा कति बढ्यो भने उसले फेरेका प्रशिक्षकको सूचीबाटै थाहा हुन्छ । पछिल्लो सात वर्षमा युनाइटेडले पाँच प्रशिक्षक फेऱ्यो । जसमा डेभिड मोयस, रायन गिग्स, लुइस भान गाल, जोसे माउरिन्हो र अहिले ओले गुनार सोल्सायरलगायत थिए । यी प्रशिक्षकहरू युनाइटेड क्लबको फुटबल इतिहासमै सर्वाधिक छोटो समयमा धेरै प्रशिक्षक परिवर्तन गरिएको घटनाका हिस्सेदार बने ।

४ राष्टिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरूलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग